- कृषि उत्पादक र उपभोक्ताहरुलाई बिचौलियाबाट अनावश्यकरुपमा शोषित/उत्पीडित र ठगीन नदिन उपयुक्त संयन्त्र निर्माण गरी सोको कार्यान्वयन तथा अनुगमनको समुचित व्यवस्था मिलाउने ।
- कृषि वाली, तरकारी तथा फलपूmलहरुमा लाग्ने रोग नियन्त्रणको आवश्यक व्यवस्था मिलाउने।

कृषि सहकारीलाई प्रोत्साहित गर्न आवश्यक नीति/कार्यक्रम तर्जुमा गरी पेश गर्ने र स्वीकृत नीति/कार्यक्रम कार्यान्वयन गरी/गराई सोको निरन्तर अनुगमन समेत गर्ने/गराउने ।

- कृषकहरुलाई सहज र सुलभ कृषि ऋणको लागि आवश्यक पहल गर्ने ।
- कृषकहरुलाई व्यवसायमुखी कृषि खेतीको लागि अभिप्रेरित गर्ने र सो सम्बन्धमा आवश्यक परामर्श उपलब्ध गराउने ।
- कृषि क्षेत्रमा सिँचाइको सुविधा उपलब्ध गराउन सम्बन्धित निकायहरुसंग आवश्यक पहल गर्ने।
- कृषि फसलहरुको वीमालाई प्रोत्साहन गर्ने ।
- उत्कृष्ट कृषकहरुलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गर्ने/गराउने ।
- शाखासँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने ।
- शाखासँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने ।

### १५.पशुपन्छी तथा मत्स्य विकास शाखा

- पशुपंक्षी पालन पेशा एवं व्यवसायलाई प्रोत्साहन गर्न आधुनिक एकीकृत नीति, कार्यक्रम/कार्ययोजना तर्जुमा गर्ने ।
- पशुपंक्षी पालन व्यवसायमा व्यावसायिक क्षमताको अभिवृद्धिको लागि नवप्रवर्तनात्मक एवं स्थानीयस्तरमा अनुकूल हुने प्रविधि र तरिकाको खोज गरी सो अवलम्बन गर्नको लागि सम्बन्धित पेशावाल/व्यवसायिलाई प्रोत्साहन गर्न पहल गर्ने ।
- उन्नत जातका पशुपालन व्यवसायलाई प्रोत्साहन गरी कृषकहरुको आर्थिकस्तर उत्थान गर्ने कार्ययोजना तर्जुमा गरी लागू गर्ने/गराउने ।
- कृषकबाट उत्पादित पशुपंक्षीजन्य पदार्थहरुको मूल्य एवं बजारीकरणको लागि आवश्यक नीति/कार्यनीति तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने ।
- पशुजन्य उपभोग्य वस्तुहरु (मासु, माछा, अण्डा)को विक्रिबितरणको लागि बजारस्थल तोकी सोही स्थानबाट सर्वसुलभरुपमा उपभोक्ताले प्राप्त गर्न सक्ने व्यवस्था गर्ने/गराउने ।
- पशु आहार, दाना, भेटेरिनरी औषधिलगायत सामग्रीहरुको सहज र सुलभ उपलब्धताको लागि उचित व्यवस्था गर्ने/गराउने ।
- घरपालुवा पशुपंक्षीहरुको लगत अद्यावधिक गर्ने ।
- नगरपालिका क्षेत्रभित्र मासु, माछा विक्रिस्थलहरु तोक्ने र यस्ता बिक्रिस्थलहरुको मापदण्ड निर्धारण गरी सोको नियमित अनुगमन गर्ने/गराउने ।
- गरिवी निवारण र रोजगारी अभिबृद्धिलाई दृष्टिगत गरी व्यवसायमूलक पशुपालन र पंक्षीपालनको लागि सहज र सुलभ ऋणको लागि आवश्यक पहल गर्ने ।
- पशु वीमालाई प्रोत्साहित गर्ने ।
- पशुपंक्षी व्यवसायिहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाउने ।
- उत्कृष्ट पशुपंक्षी व्यवसायिहरुलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गर्ने/गराउने ।
- शाखासँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने ।

### १६. आर्थिक प्रशासन शाखा

- वार्षिक वजेटको मस्यौदा तयारको लागि सवै शाखा, उपशाखा, इकाइ, वडा कार्यालयहरुबाट आवश्यक बजेटको माग संकलनगरिअनुमानित वार्षिक बजेट तर्जुमाको मस्यौदा तयार गर्ने ।

- नगरपालिकाको वार्षिक वजेट तथा कार्यक्रमको वित्तीय विश्लेषण गर्ने ।
- नगरपालिकाको आर्थिक कारोवार दुरुस्त राख्ने ।
- निकासा दिने, निकाशा लिने र खर्चका बिवरणहरु प्राप्त गरी आर्थिक बिवरण तयार गर्ने ।
- आय—व्ययको अवस्थाको विवरण हेरी सो अनुरुप सन्तुलन कायम गर्न पहल गर्ने ।
- नगरपालिकामाउठ्ने राजश्वको निरीक्षण गरी प्रतिवेदन तयार गर्ने ।
- नागरपालिकालाई अनुदानस्वरुप वा अन्य प्रक्रियाबाट प्राप्तसम्पत्तिको लेखाङ्कन गर्ने।
- नियमित रुपमा लेखापरीक्षण (आन्तरिक/अन्तिम) गराउने ।
- लेखापरीक्षण(आन्तरिक/अन्तिम)वाट औंल्याइएका वेरुजुहरु नियमित गर्ने, असुलउपर गर्नु पर्ने बेरुजुको हकमा असुलउपर गर्ने र सोको प्रतिवेदन तयार गर्ने ।
- कार्ययोजना अनुसार रकम निकाशा माग गर्ने, खर्च गर्ने र प्रतिवेदन तयार गर्ने ।
- खर्च, सम्पत्ति, दायित्व र धरौटी सम्बन्धी लेखाँकन गर्ने, प्रतिवेदन तयार गर्ने ।
- शाखाका कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गर्ने।
- जिन्सी भण्डारबाट प्राप्त बीलहरू जाँच गरी बील/भरपाई स्वीकृत भए पश्चात् भुक्तानी दिने ।
- निर्माण सम्बन्धी कार्यको बील (एम्.बी.) जाँच गरी/गराई भुक्तानीको लागि आवश्यक कार्य गर्ने ।
- प्रचलित कानून बमोजिम जनप्रतिनिधिहरूको भत्ता, पारिश्रमिक तथा कर्मचारीहरूको मासिक तलव, भत्ता वितरण गर्ने । कर्मचारी सञ्चयकोष, योगदानको आधारमा निवृत्तभरण कोष र अन्य कोषकट्टी एवं जम्मा सम्बन्धी व्यवस्थापन गर्ने ।
- आम्दानी तथा खर्चतर्फको मास्केवारी तयार गर्ने ।
- टेलिफोन, विद्युत, पानी महशुल आदि समयमा बुझाउने व्यवस्था गर्ने ।
- पुराना पेश्की बाँकी रहेको असूलउपर तथा फछ्र्यौट गर्न/गराउन आवश्यक कारवाही गरी सोको मासिक रिपोर्ट सम्बन्धित निकायमा पठाउने ।
- मासिक बैंक स्टेटमेन्ट उपलब्ध गरी रिकन्साइल गर्ने/गराउने ।
- बैंक नगदी किताब, बजेट सीट, पेश्की लेजर तथा अन्य खाताहरूमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउने ।
- अवकाश पाएका कर्मचारीहरूको उपदान, संचित विदाको रकम, कर्मचारी सञ्चयकोष लगायत कानून बमोजिम भुक्तानी गर्ने ।
- नेपाल सरकारवाट सामाजिक सुरक्षा वापत प्राप्त रकमको निकाशा एवं वितरण सम्बन्धी कार्यको व्यवस्थापन गर्ने/गराउने ।
- आन्तरिक लेखापरीक्षण इकाइसंग समन्वय गरी बेरुजु फछ्र्यौट सम्बन्धमा तदारुकतासाथ विवरण तयार गरी बेरुजु कायम गरिएका शाखा, उपशाखा एवं इकाइको साथै सम्बन्धित पदाधिकारी, कर्मचारी र व्यक्तिहरुलाई बेरुजु फछ्र्यौटको लागि ताकेता गर्ने ।
- यस शाखा अन्तर्गतका शाखाहरुले गरेका कार्यक्रमहरुको अनुगमन, मुल्यांकन तथा सहजीकरण गर्ने।
- शाखासँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने ।

**१७. राजस्व शाखा**

- राजश्व प्रक्षेपण तथा वार्षिक राजश्व संकलन अनुमान तयार गर्ने ।

नगरपरिषद्मा प्रस्तुत गर्ने प्रयोजनको लागि राजश्व सम्बन्धी प्रस्तावको मस्यौदा तयार गरी शाखा प्रमुख समक्ष पेश गर्ने ।

- नगरपालिकाको राजश्व योजना तयारी/कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।
- राजश्व परामर्श समितिको वैठक एवं निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।
- राजश्व अभिवृद्धिसँग सम्बन्धित कार्यहरुको बिषयमा नीति, रणनीति, कार्यविधि, निर्देशिका एवं कार्यक्रम तर्जुमा सम्बन्धी कार्यमा शाखा प्रमुखलाई सहयोग गर्ने ।
- राजश्व उठाउने र राजश्वको स्रोत जुटाउने कार्यमा निजी क्षेत्रबाट समेत पहल एवं सक्रिय सहभागिता गराउने।
- राजश्वको स्रोत विविधिकरण तथा वार्षिक लक्ष्य निर्धारण सम्बन्धी कार्य गर्ने ।
- राजश्व बाँडफाँड सम्वन्धी कार्यमा सहयोग गर्ने ।
- वाह्य स्रोत जुटाउने सम्वन्धी कार्य गर्ने ।
- सेवा शुल्क तथा बाँकी वक्यौता असूल सम्बन्धी नीति/कार्यक्रम तयार गरी पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने/गराउने ।
- स्थानीय कर, सेवा शुल्क, दस्तुर, दण्ड/जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी एवं पर्यटन शुल्क सम्बन्धी कार्य गर्ने/गराउने ।
- राजश्वका उपयोग भई आएका श्रोतहरुको अतिरिक्त नयाँ श्रोतहरु पहिचान गरी श्रोत परिचालनको लागि आवश्यक व्यवस्था मिलाउने ।
- राजश्व संकलनमा आइपर्ने वाधा अड्चनलाई न्यूनीकरण गर्दै राजश्व अभिवृद्धिमा प्रभावकारिता ल्याउन राजश्व गस्ती )Revenue Enforcement) ब्यवस्था गर्ने ।
- नगरपालिकाको राजश्व चुवाहट नियन्त्रण गर्न कार्यायोजना बनाई कार्यान्वयन गर्ने ।
- नगरपालिकाको राजश्व अभिवृद्धिका लागि सम्वद्ध निकायहरुसंग समन्वय गर्ने तथा नगरक्षेत्रका व्यापारी, उद्योगपति र अन्य व्यवसायी तथा करदाताहरुसँग छलफल गर्ने व्यवस्था मिलाई राजश्व अभिवृद्धि र व्यवस्थापनमा सघाउ पुर्‍याउने ।
- राजश्व सङ्कलन एवं असुली सम्बन्धमा सम्पन्न गर्नुपर्ने कार्यहरुको निरीक्षण, अनुगमन, अध्ययन र बिश्लेषण गर्ने एवं सुझाव समेत सङ्कलन गरी सुधारका कार्य गर्ने/गराउने व्यवस्था मिलाउने।
- राजश्वको प्रभावकारी असुली व्यवस्था मिलाउने र राजश्व चुहावट नियन्त्रण गर्ने ।
- लागु गरिएका कर, शुल्क आदिको प्रभावकारिता विश्लेषण गरी थप प्रभावकारी वनाउन उपायहरु खोज्ने।
- नगरपालिकाको स्रोत विविधिकरण तथा वार्षिक लक्ष्य निर्धारण गरी पेश गर्ने ।
- कर टोली एवं कर निरीक्षकहरु खटाई राजश्व अभिवृद्धिमा प्रभावकारिता हासिल गर्ने ।
- शाखाबाट भएका सबै कार्यहरु विद्युतीय अभिलेखमा अभिलेखीकरण गर्ने/गराउने ।
- शाखासँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने ।

## १८. वातावरण तथा विपद् व्यवस्थापन शाखा

- नगरक्षेत्रभित्र वातावरण एवं विपद् व्यवस्थापनका लागि कार्यनीति तथा कार्ययोजना तर्जुमा गर्ने ।
- स्वीकृत योजना/कार्यक्रमको कार्यान्वयन, निरीक्षण एवं अनुगमन गर्ने।
- कार्य प्रगति विवरण तयार गर्ने ।
- आवधिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने।

फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त स्थानमा Treatment Plant, Transfer Station/Landfill Site को व्यवस्था मिलाउन पहल गर्ने ।

- फोहरमैला व्यवस्थापन कार्ययोजनामा समुदाय र निजी क्षेत्रलाई परिचालन गर्ने ।
- प्राकृतिक प्रकोपको दृष्टिकोणले जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरी सूचना संकलन गर्ने र सोको रोकथाम/ व्यवस्थापनको लागि कार्ययोजना कार्यान्वयन गर्ने ।
- वातावरण संरक्षण र सुधारका कार्यक्रमको प्रगति बिवरण तयार गर्ने ।
- नगरपालिका क्षेत्रभित्रको वातावरण सुधारको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्ने ।
- वातावरणीय संरक्षणको विषयलाई आवधिक र वार्षिक योजनाहरुमा समाविष्ट गर्ने ।
- नगर क्षेत्रको पार्क, बगैंचाको विकास तथा संरक्षण गर्ने ।
- वेवारीसे शवहरुको (पशुपंक्षि) सतगतको व्यवस्था मिलाउने ।
- वातावरणीय प्रदूषण नियन्त्रणको लागि मापदण्डहरु लागू गर्ने ।
- सार्वजनिक जग्गा, खुला क्षेत्र, चउर, चरनक्षेत्र, तलतलैया, नदी, पानीको मुहान, घाट, पार्क, सडक, बाटोघाटो आदिको अभिलेख अद्यवधिक गरिसंरक्षण गर्ने ।
- नगरपालिका भित्रका सामुदायिक वनहरुको संरक्षण र प्रवर्धन गर्ने ।
- सामुदायिक वनको कार्ययोजनालाई नियमित रुपमा नबिकरण गर्न पहल गर्ने ।
- सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन गर्न सम्बन्धित निकायसंग समन्वय गर्ने ।
- सामुदायिक वनमा आवश्यकता अनुसार वृक्षारोपण गर्ने र आयआर्जनका लागि जडिबुटी एवं कृषि बालीहरुको प्रवर्धन गर्ने।
- वन पैदावारको चोरी निकासी नियन्त्रण गर्न सम्बन्धित निकाय संग समन्वय गर्ने।
- शाखासँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने ।

## १९. योजना, अनुगमन तथा मुल्यांकन शाखा

- वार्षिक विकास योजना तर्जुमाको लागि तथ्याङ्क/विवरण/सूचना आदि सङ्कलन गर्ने एवं नगर सभाबाट पारित गर्नु पर्ने नीतिको मस्यौदा तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- नगरपालिकाका स्वीकृत बार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।
- बार्षिक एवं बिषयगत योजनाहरूको समन्वय, अनुगमन तथा समीक्षा गर्ने । नगरपालिकाको विकास योजनाहरूको जाँचपास गर्ने/गराउने कार्यमा सम्बन्धित शाखा/ अधिकारीसंग समन्वय गर्ने ।
- स्वीकृत योजना तथा कार्यक्रमहरूको कार्य–प्रकृया निर्धारण गर्ने ।
- सार्वजनिक–निजी साझेदारी प्रवद्र्धन सम्बन्धी कार्य गर्ने ।
- विभिन्न समिति–उपसमितिहरूले गरेका निर्णयहरू सम्वन्धित निकायलाई जानकारी गराउने तथा कार्यान्वयन गर्ने । नगर कार्यपालिकावाट भएका निर्णयहरूको सङ्कलन र अध्ययन गरीसम्वद्ध अधिकारी/ निकायसंग समन्वय गरी कार्ययोजना अनुरुप समयमै शतप्रतिशत भौतिक तथा वित्तीय प्रगति हासिल गर्न लगाउने ।
- वडा कार्यालयहरुसंग समन्वय गरी आवधिक योजना तर्जुमा गराउने ।
- नगरपालिकाको क्षमता अभिबृद्धि तथा कार्य–प्रणालीमा सुधारको लागि कार्ययोजना बनाई पेश गर्ने र स्वीकृत भए अनुरुप कार्यान्वयन गर्ने।

संघ—संस्थावाट प्राप्त हुन आएका योजना सम्वन्धी कागजातहरू निर्णयको लागि पेश गर्ने तथा व्यवस्थित रुपमा राख्ने ।

- नगरपालिकाका योजना/आयोजना/कार्यक्रमहरुको कार्यसम्पादन सूचकांक निर्माण गरी/गराई कार्यान्वयमा ल्याउने ।
- आयोजना सुपरीवेक्षण तथा अनुगमन समिति तथा उपसमितिहरूको प्रशासनिक कार्य गर्ने ।
- नगरपालिकाका योजना सम्वन्धी उपसमितिहरूको बैठक व्यवस्थापन कार्य गर्ने ।
- परफर्मेन्स बोण्डको म्याद थप एवं धरौटीको अभिलेख र फिर्ता सम्बन्धी प्रारम्भिक कार्य गर्ने ।
- योजना सम्वन्धी खाता सञ्चालन सिफारिश कार्य गर्ने/गराउने ।
- स्थानीय चाडपर्व मनाउन आवश्यक सहयोग गर्ने ।
- संस्कृति, पर्यटन र सामाजिक विकास र प्रवद्र्धनमा टेवा पुऱ्याउने विज्ञहरुको सूची तयार गरी राख्ने र आवश्यकता अनुसार उनिहरुको विज्ञतालाई उपयोग गर्ने व्यवस्था मिलाउने ।
- पर्यटन प्रवद्र्धनमा नीजि क्षेत्रलाई परिचालन गर्ने ।
- सम्पदा मार्ग एवं पर्यटकीय क्षेत्रको पहिचान गरी त्यसको विकास, विस्तार र प्रवद्र्धन गर्न सम्बन्धित सबै निकाय तथा संघ/सस्थाहरुसगं समन्वय गरी कार्य गर्ने ।
- नगरपालिका क्षेत्रमा पुरातात्विक सम्पदा, धार्मिक तथा पर्यटकीय महत्वका स्थलहरुको यथार्थपरक सूचना संकलन गरी अभिलेख अद्यावधिक गर्ने ।
- नगरपालिका क्षेत्रभित्र रहेका सम्पदा र पुरातात्विक धरोहरको संरक्षणको कार्ययोजना वनाई कार्यान्वयन गर्ने ।
- नगरक्षेत्र भित्रका विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण र संवद्र्ध गर्ने।
- नगरपालिका, प्रदेश सरकार तथा नेपाल सरकारवाट नगर क्षेत्रभित्रको लागि स्वीकृत योजना तथा कार्यक्रमहरूको विवरण राख्ने ।
- शाखासँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने ।

## २०. कानून शाखा

- नगरपालिका विरुद्ध पर्न आएका उजुरी, मुद्दा एवं गुनासा सम्बन्धी निवेदनहरु नियमानुसार दर्ता गरी फछ्र्यौटको लागि पेश गर्ने ।
- नगरपालिकाको न्यायिक समितिबाट भएका निर्णयहरु कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा पठाउने/बुझाउने ।
- मुद्दाको निर्णय प्रक्रियामा नगर प्रमुख/नगर उपप्रमुख तथा कार्यकारी अधिकृतसंग सिधै सम्पर्कमा रही कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगर कार्यपालिकाको न्यायिक समितिबाट किनारा भई अदालत समक्ष दायर हुने मुद्दाहरुको मस्यौदा गरी पेश गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम नगर कार्यपालिकामा गठित न्यायिक समितिलाई सोही ऐनको दफा ४७ बमोजिमको क्षेत्राधिकार भित्रका विषयमा अध्ययन, अनुसन्धान, तहकिकात गर्न एवं उक्त क्षेत्राधिकार भित्रका बिषयमा नियम विपरित भए/गरेका काम कारवाहीहरुमा कारवाही गर्न/गराउन न्यायिक समितिको सचिवालयको रुपमा काम गर्ने।
- उजुरीका मिसिल/फाइलहरु अभिलेख अध्यावधिक गरी राख्ने ।

कानूनी राय, परामर्श एवं न्यायिक निर्णयका सम्बन्धमा प्रारम्भिक कार्यको उठान् गर्ने ।

- मुद्दाका पक्ष वा विपक्षीहरुबाट न्यायिक समितिबाट भएको फैसला वा निर्णयको प्रमाणित प्रतिलिपि माग भएमा कानून बमोजिम उपलब्ध गराउने ।
- मुद्दाका पक्ष वा विपक्षलाई न्यायिक समितिको निर्णयानुसार बयान लिने ।
- मुद्दाका सम्बन्धित कागजात/प्रमाण/निस्सा उपलब्ध गरी मिसिलसाथ पेश गर्ने ।
- मुद्दा सम्बन्धी अभिलेख तथा मिसिलहरु सुरक्षित रुपमा व्यवस्थित गर्ने/गराउने ।
- नगरपालिकासंग सम्वद्ध विषयका मुद्दामा असहाय विपन्न व्यक्तिहरुलाई निःशुल्क कानूनी परामर्श उपलव्ध गराउने ।
- शाखासँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने ।

## २१. आन्तरिक लेखापरीक्षण शाखा

- नगरपालिकावाट भएका खर्चहरूको मासिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने ।
- पेश्की दिनु पर्दा वा भुक्तानी गर्दा प्रचलित कानून वमोजिम रित पुगेको वा नपुगेको सम्वन्धमा पूर्व आन्तरिक लेखापरीक्षण गर्ने ।
- पूर्व आन्तरिक लेखापरीक्षणको निम्ति प्राप्त बिल जाँच गर्दा प्रचलित कानूनको रीत नपुगेको देखिएमा सोको व्यहोरा खुलाई प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गरी निर्देशन भए बमोजिम कार्यान्वयन गर्न आर्थिक प्रशासन शाखामा पठाइदिने ।
- आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू नियमित गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन गर्ने ।
- मासिक रुपमा आम्दानी तथा खर्च सम्वन्धी हिसाव खाताको परीक्षण गरी त्रुटी देखिएमा प्रमुख प्रशासकीय अधिकृत मार्पत नगरसभामा पेश गर्ने ।
- आन्तरिक लखापरीक्षणवाट देखिएका त्रुटिहरु प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्ने ।
- शीर्षकगत रूपमा विनियोजित बजेट र खर्चको तालमेलको विश्लेषण गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष यथार्थपरक प्रतिवेदन पेश गर्ने ।
- पेश्की बेरुजुहरूको लगत अद्यावधिक गरी फछ्यौंट तथा नियमित गर्न सहयोग गर्ने ।
- बजेटमा अनुमान गरिएको स्रोत परिचालन अनुरूप आम्दानी भए/नभएको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने ।
- वार्षिक कार्यक्रममा उल्लेख भएका योजना/कार्यक्रममध्ये कति सञ्चालन भए, कति भएनन् सोको चौमासिक प्रतिवेदन पेश गर्ने ।
- अन्तिम लेखापरीक्षणको लागि कागजात तथा सूचनाहरु जुटाई दिने ।
- अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा प्रतिक्रिया उपलब्ध गराउनुपर्ने भए सोको मस्यौदा तयार गर्ने।
- अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा लेखा समितिले दिएको प्रतिक्रिया समेत समावेश गरी सम्परीक्षणको लागि सहयोग गर्ने ।
- लेखा समितिलाई आवश्यक पर्ने विवरणहरू तयार गरी उपलब्ध गराउने ।
- लेखा समितिको वैठक सञ्चालनमा सहयोग गर्ने र निर्णयहरु सम्वन्धित निकायमा पठाउने ।
- लिलाम बिक्री गर्नु भनी अन्तिम लेखापरीक्षणबाट औंल्याइएका वस्तुहरू लिलाम बिक्री भएका छन्/छैनन् त्यसको जाँच गरी प्रतिवेदन पेश गर्ने ।

## २२. नगर प्रहरी इकाइ

इकाइको कार्यसंग सम्बद्ध कार्य—नीति तथा कार्य—योजना तर्जुमा गरी स्वीकृत भए अनुसार  कार्यान्वयन गर्ने।

- नगरपालिका क्षेत्रका सडक मार्गहरुमा आवागमनको लागि अवरोध हटाउने व्यवस्था मिलाउने।
- नगरक्षेत्रमा भौतिक निर्माण कार्य नियमित गराउन आवश्यक सहयोग गर्ने र फोहरमैला व्यवस्थापनमा आइपर्ने व्यवधानहरु हटाउन सहयोग पुऱ्याउने ।
- नगरको नीति, नियम र निर्णय विपरित कार्य भए/गरेको सूचना प्राप्त हुनासाथ त्यसलाई नियन्त्रण गर्न व्यवस्था गर्ने ।
- अनुमति नलिई घर निर्माण गर्ने कार्य तथा अन्य गैरकानुनी निर्माण नियन्त्रण गर्ने ।
- भवन निर्माण नियमित गराउन अनुगमन र निरीक्षण गर्ने र त्यस्तो निर्माण कार्य गर्दा सार्वजनिक असर परेको देखिएमा निर्णयानुसार भत्काउन आवश्यक कारवाही गर्ने ।
- सडकपेटी, सार्वजनिक जग्गा, वाटोघाटो, चोक, ढल, ताल—तलैया, नाला, पोखरी, पार्क, घाट, मन्दिर, मस्जिद, गुम्बा आदि उपर हुनसक्ने अतिक्रमण रोक्ने र सवै खाले अतिक्रमण गर्ने उपर कारवाही समेतको लागि पेश गर्ने।
- सार्वजनिक आवागनमा वाधा पुग्ने गरी निर्माण सामाग्री राख्न रोक लगाउने ।
- नाप तौलका ढक तराजुको अवस्था चेक जाँच गर्ने, फरक परेमा कारवाहीको लागि पेश गर्ने ।
- नगरपालिका क्षेत्रभित्र सञ्चालित पेशा व्यवसाय तोकिएको मापदण्ड अनुसार भए/नभएको चेक गरेर कारवाहीको लागि पेश गर्ने ।
- छाडा गाई वस्तु नियन्त्रण गर्ने र आवश्यक कारवाही चलाउने ।
- सार्वजनिक असर पार्न सक्ने रुख, घर, पर्खाल आदि काट्न, भत्काउन लगाउने ।
- नगरमा फोहोर मैला व्यवस्थापन गर्न सहयोग गर्ने ।
- नगरपालिकाको आन्तरिक सुरक्षाको (कार्यालय, सम्पत्ति र पदाधिकारी तथा कर्मचारी) तथा कार्यालय सम्पत्तिको सुरक्षा व्यवस्था मिलाउने ।
- नगर क्षेत्रको सम्पत्ति सुरक्षाको लागि गस्तीको रुपमा खटी कार्य गर्ने ।
- स्वास्थ्यका लागि हानिकारक चिज वस्तु वितरण गरेको फेला परेमा नियन्त्रण गर्ने ।
- नगर क्षेत्रभित्र सुव्यवस्था कायम गर्न वडा कार्यालय, टोल, स्थानीय क्लब तथा संघ संस्थासंग मिलि जन परिचालन गर्ने तथा जनचेतना जगाउने ।
- शहरको ट्राफिक व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

## २३. वडा कार्यालयहरु (११ वटा)

- वडाभित्रको जनसंख्या, घर, जग्गा, पाटी, पौवा, धर्मशाला, मठ, मन्दीर, गुम्बा, मस्जीद, देवस्थल, मदरसा, पर्ति जग्गा, पोखरी, तलाउ, इनार, कुवा, धारा आदिको लगत राख्ने तथा संरक्षण गर्न नगरपालिकालाई सहयोग गर्ने ।
- वडाभित्रको बाटो, सडक, पुल, ढल, पोखरी, तलाउ, इनार, कुवा, धारा, बहाल, मठ, मन्दिर, गुम्बा, मस्जीद, देवस्थल आदि सफासुग्घर राख्ने व्यवस्था मिलाउने ।
- वडाभित्रको फोहरमैला र सडेगलेका वस्तुहरु फ्याँक्ने, चोक र गल्ली सफा राख्ने, राख्न लगाउने तथा सरसफाइको लागि वडाबासीहरुलाई अभिप्रेरित गर्ने व्यवस्था मिलाउने ।
- वडाभित्रको नहर, कुलो, पैनी आदिको हेरविचार गर्ने ।
- वडाभित्रको पर्ती जग्गामा बृक्षारोपण गर्न र वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।

वडामा रहेका अस्पताल, सामुदायिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, विद्यालय, वाल उद्यान तथा पुस्तकालय/वाचनालयको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

- वडाभित्र छाडा चौपायाहरुको व्यवस्थापनगर्ने।
- वडाभित्रको गल्ली तथा सडकमा विजुली बत्तीको प्रवन्ध गर्ने ।
- वडा क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको खोज/संरक्षण/सम्वद्र्धन/सदुपयोग गर्ने वातावरण सिर्जना गर्ने ।
- वडासमितिको आय र व्ययको हिसाव तथा अन्य कागजातहरु सुरक्षित राख्ने ।
- वडाभित्र सुपथ मूल्यमा खाद्यान्न तथा अन्य आवश्यक वस्तुको बिक्रिको लागि नगर कार्यपालिकालाई सहयोग पुऱ्याउने ।
- वडाभित्र खेलकूद विकासको लागि खेलकूदका सामानहरु वितरण गर्ने र भाषा, संस्कृतिको विकासको लागि कला, नाटक तथा सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्न सहयोग गर्ने ।
- वडामा अशक्त विरामी भएको वेवारिस वा असहाय व्यक्तिलाई औषधोपचारको व्यवस्था मिलाउने ।
- वडामा कुनै असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह—संस्कारको व्यवस्था मिलाउने ।
- वडाका वालवालिकाहरुलाई वि.सि.जि., पोलियो खोपको व्यवस्था गर्ने तथा सरुवा रोगको रोकथामको व्यवस्था गर्ने ।
- वडाबासीहरुलाई व्यक्तिगत घटना दर्ता गर्न उत्प्रेरित गर्ने र पञ्जिकाधिकारीको जिम्मेवारी निर्वाह गर्ने ।
- वडाभित्रको पर्ती जग्गा, प्राचीन स्मारक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदाहरुको संरक्षण गर्न सहयोग गर्ने ।
- लोक संस्कृति एवं मौलिकता झल्किने सांस्कृतिक नाच, गीत तथा भजन समेतलाई निरन्तरता दिने ।
- वडाभित्रका पिछडिएका जनजाति, विधवा, एकल महिला, असहाय, अपाङ्ग तथा वेवारिस व्यक्तिहरुको संरक्षण र जीविकोपार्जन सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने ।
- वडा समितिका निर्णयहरु कार्यान्वयन गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित अन्य कानूनले वडा कार्यालयले गर्ने भनिएका सबै कार्यहरु गर्ने ।

## बेसीशहर नगरपालिकाको प्रस्तावित संगठन संरचना

- नगर सभा → लेखा, विधायन, सशासन तथा अन्य समिति
- नगर कार्यपालिका → वडा समिति, वडा कार्यालय/विषयगत समितिहरु
- प्रमुख → श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, ........................
  - प्रमुखको सचिबालय: प्रशासन सहायक-१
- उप प्रमुख → न्यायिक समिति
- प्रमुख प्रशासकीय अधिकृत (रा.प.द्धितीय. -१)

१. **नीती तथा कार्यक्रम शाखा**
कार्यक्रम अधिकृत (७औं) -१

२. **प्रशासन शाखा (वडा कार्यालय समेत(**
प्रशासकीय अधिकृत (७औं तह) -१
कम्प्युटर अपरेटर(५औं) - १
बरिष्ठ प्रशासन सहायक (५औं) -५
प्रशासन सहायक(४औं) - ९

३. **येजना अनुगमन तथा मुल्यांकन शाखा**
प्रशासकीय अधिकृत (७औं) - १
वरिष्ठ प्रशासन सहायक (५औं) – १

४. **आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत (७औं) -१
बरिष्ठ लेखा सहायक (५औं) -२
लेखा सहायक (५औं) -१

५. **राजश्व प्रशासन शाखा**
वरिष्ठ प्रशासन सहायक (५औं) - १
प्रशासन सहायक (४औं) - १

६. **जिन्सी व्यवस्थापन शाखा**
बरिष्ठ प्रशासन सहायक (५औं) -१

७. **स्वास्थ्य शाखा** (माताहतका स्वास्थ्य संस्था समेत)
जन स्वास्थ्य अधिकृत (७औं) - १
हेल्थ असिस्टेन्ट (५औं) - ८
अ.हे.व (४औं) - १४
कम्युनिटी नर्सिङ (५औं) - १
अनमी (४औं) - १४

८. **शिक्षा ,युवा तथा खेलकुद शाखा**
शिक्षा अधिकृत (७औं) -१
प्राविधिक सहायक (५औं) – २

९. **महिला, बालबालिका तथा समाज कल्याण शाखा**
महिला विकास निरिक्षक (५औं तह) -१

१०. **सामाजिक सुरक्षा तथा पन्जिकरण शाखा**
वरिष्ठ प्रशासन सहायक (५औं) -१

११. **कृषि विकास शाखा**
कृषि अधिकृत (७औं) - १
प्राविधिक सहायक (५औं) - २
नायव प्राविधिक सहायक (४औं) - १

१२. **पशुपन्छी तथा मत्स्य विकास शाखा**
पशु चिकित्सक (७औं) - १
पशु सेवा/स्वास्थ्य प्राविधिक (५औं) – २
नायब पशु सेवा/स्वास्थ्य प्राविधिक (५औं) – २

१३. **उद्योग, व्यवसाय तथा सहकारी शाखा**
वरिष्ठ प्रशासन सहायक (५औं तह) -१

१४. **सूचना प्रविधि शाखा**
सूचना प्रविधि अधिकृत/कम्प्यूटर अधिकृत (७औं) -१
कम्प्युटर अपरेटर (५औं) -१

१५. **पूर्वाधार विकास शाखा (वडा कार्यालय समेत(**
इन्जिनियर (७औं) - १
सव इन्जिनियर (५औं) – ७
सर्वेक्षक (५औं) – १
असिस्टेन्ट सव इन्जिनियर (४औं) - ५

१६. **बातावरण तथा विपद व्यवस्थापन शाखा**
वरिष्ठ प्रशासन सहायक (५औं) - १

१७. **कानुन शाखा**
बरिष्ठ प्रशासन सहायक (५औं) -१

१८. **आन्तरिक लेखा परिक्षण शाखा**
वरिष्ठ आलेप सहायक (५औं तह) -१

१९. **नगर प्रहरी इकाई**
नगरप्रहरी सहायक निरिक्षक (चौथो) -१
नगर प्रहरी हवाल्दार (तेश्रो तह) -१
नगर प्रहरी जवान (दोस्रो तह) -५

४. नगरपालिकाबाट प्रदान गरिने सेवा

**बेसीशहर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**
**नागरिक वडापत्र (CITIZEN CHARTER)**

| विवरण | सेवाग्राहीले पेश गर्नुपर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा | कोठा नं. |
|---|---|---|---|---|---|
| | | समय | शुल्क | | |
| घ्रु वर्ग निर्माण व्यवसायको इजाजत पत्र | ☞ निवेदन र नागरिकताको फोटोकपी<br>☞ सिभिल इन्जिनियरिङको कम्तिमा प्रमाणपत्र तह उतीर्ण प्राविधिक/प्रशासनिक/वाणिज्य शास्त्रको जनशक्ति एक/एक/एक जना<br>☞ प्राइभेट वा पब्लिक लिमिटेड कम्पनीको रुपमा न्यूनतम पाँच लाख चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको<br>☞ ट्रिपर/ट्र्याक्टर, मिक्चर, एक एक थान (तीन वर्षको लागि भाडामा लिएको सम्झौता भए पनि मान्य हुने)<br>☞ थियोडोलाइट/लेभल मेसिन एक सेट<br>☞ वाटर पम्प र भाइब्रेटर तीन तीन थान | आवश्यक प्रकिया पुरा भई कार्यपालिकाको निर्णय पश्चात | रु. १५०००। | प्रशासन शाखा | भुईं तला |
| घ्रु वर्ग निर्माण व्यवसायको इजाजत पत्र नवीकरण | ☞ रितपूर्वक निवेदन र नागरिकताको फोटोकपी<br>☞ कम्पनी दर्ताको प्रमाण पत्र<br>☞ कर चुक्ता प्रमाण पत्र<br>☞ तिरो तिरेको रसिद<br>☞ गत आ.व.मा गरेको ठेक्का पट्टा कामको विवरण<br>☞ सक्कल घ्रु वर्ग निर्माण व्यवसायको इजाजत पत्र | सबै काजगात पुरा भए सोही दिन | रु.५०००। | प्रशासन शाखा | भुईं तला |
| व्यवसाय सुचीकृत/दर्ता/नामसारी/ठाउँसारी/नवीकरण/खारेज | ☞ नेपाली नागरिकताको प्रतिलिपि<br>☞ जग्गाको लालपूर्जाको प्रतिलिपि<br>☞ नक्साको प्रमाण पत्रको प्रतिलिपि<br>☞ तिरो तिरेको रसिदको प्रतिलिपि<br>☞ वडा कार्यालयको सिफारिस सहित सर्जिमन मुचुल्का<br>☞ जग्गा धनीको मञ्जुरीनामा/घरभाडा सम्झौता पत्र<br>☞ अनुमति लिनुपर्ने भए सम्बन्धित निकायको अनुमति पत्र<br>☞ सम्बन्धित शाखासँग सम्बन्धित व्यवसायको हकमा सिफारिस पत्र<br>☞ पासपोर्ट साइज फोटो – ३ प्रति | रितपूर्वकको कागजात पेश भएमा तुरुन्त | व्यवसायको प्रकृति अनुसार लाग्नेछ । | राजस्व शाखा | भुईं तला |
| निजी जग्गाको खानीजन्य पदार्थ ओसारपसार इजाजत | ☞ रितपूर्वक निवेदन<br>☞ नेपाली नागरिकताको प्रतिलिपि<br>☞ वडाबाट चारकिल्ला सहितको सिफारिस<br>☞ तिरो तिरेको रसिद<br>☞ नापी नक्साको प्रतिलिपि<br>☞ सँधियारका जग्गाधनीको सहमति<br>☞ प्राविधिक इष्टिमेट | आवश्यक प्रकिया पूरा भई निर्णय भए पश्चात | नियमानुसार को दस्तुर लाग्नेछ | राजस्व शाखा | भुईं तला |
| गैर सरकारी संघसंस्था दर्ता/नवीकरण सिफारिस | ☞ रितपूर्वकको निवेदन<br>☞ संस्थाको विधान<br>☞ पदाधिकारीहरुको नागरिकता प्रतिलिपी<br>☞ जग्गाधनी पूर्जा प्रतिलिपि भाडामा भए बहाल कर सहित सम्झौता<br>☞ कर चुक्ता प्रमाण पत्र<br>☞ लेखा परीक्षण प्रतिवेदन<br>☞ सर्जमिन मुचुल्का<br>☞ कार्ययोजना तथा प्रगति प्रतिवेदन<br>☞ सक्कल प्रमाण पत्र<br>☞ राजश्व तिरेको रसिद | रितपूर्वकको कागजात पेश भएमा तुरुन्त | नियमानुसार को दस्तुर लाग्नेछ | प्रशासन शाखा | भुईं तला |
| सहकारी दर्ता | ☞ सहकारी संस्था दर्ताको निवेदन<br>☞ संस्थाका सदस्यहरुको नागरिकताको प्रतिलिपि<br>☞ सहकारी संस्थाको प्रस्तावित विनियम<br>☞ सहकारी संस्थाको प्रस्तावित कार्ययोजना<br>☞ स्वघोषणा<br>☞ वडा कार्यालयको सिफारिस<br>☞ सहाकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन<br>☞ सदस्यले लिन स्वीकारेको शेयर संस्थाबाट शेयर रकमको विवरण<br>☞ सेयर र प्रवेश शुल्क बापत जम्मा भएको रकम सञ्चालक समितिको कुनै एक सदस्यले बुझिलिएको भरपाई<br>☞ सदस्यहरुले सहकारी शिक्षा तालिम लिएको प्रमाण पत्र | आवश्यक प्रकिया पूरा भई निर्णय भए पश्चात | नि:शुल्क | सहकारी शाखा | भुईं तला |
| अपाङ्गताको परिचय-पत्र | ☞ सम्बन्धित वडाको सिफारिस ।<br>☞ नागरिकताको फोटोकपी (नाबालकको हकमा जन्मदर्ता)<br>☞ अपाङ्गताको वर्ग खुलेको चिकित्सकको सिफारिस<br>☞ २ प्रति फोटो | रित पूर्वकको कागजात पेश भएमा तुरुन्त | नि:शुल्क | महिला तथा बालबालिका शाखा | भुईं तला |
| जेष्ठ नागरिक परिचय-पत्र | ☞ नागरिकताको फोटोकपी<br>☞ २ प्रति फोटो । | रित पूर्वकको कागजात पेश भएमा तुरुन्त | नि:शुल्क | महिला तथा बालबालिका शाखा | भुईं तला |
| सम्पत्ती/मालपोत तथा व्यवसाय र घरबहाल कर | ☞ जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि,<br>☞ नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>☞ गत आ.व सम्मको कर विजक रसिद<br>☞ व्यवसाय सूचीकृतको प्रमाण पत्र<br>☞ घर/जग्गा बहालको सम्झौता पत्र | रितपूर्वकको कागजात पेश भएमा तुरुन्त | नियम अनुसार | वडा कार्यालय/ राजश्व शाखा | भुईं तला |
| बेरोजगार व्यक्तिको निवेदन दर्ता | ☞ नेपाली नागरिकता-प्रमाणपत्रको प्रतिलिपि (१८-५९ वर्ष उमेर)<br>☞ पासपोर्ट साइजको फोटो<br>☞ कुनै व्यवसायिक /उद्यमशीलतामूलक तालिम लिएको भए प्रमाण पत्रको प्रतिलिपि<br>☞ निवेदन दिंदाको मिति सम्म रोजगारमा संलग्न नभएको हुनुपर्ने | फागुन मसान्त सम्म | नि:शुल्क | रोजगार सेवा केन्द्र | भुइ तला |
| खानेपानी तथा सिंचाईको मूल दर्ता/नवीकरण | ☞ रितपूर्वक निवेदन<br>☞ वडा कार्यालयको सिफारिस<br>☞ संस्थाको विधान<br>☞ सदस्यहरुको नागरिकता<br>☞ समितिको निर्णय<br>☞ दावीविरोध परे/नपरेको वडा कार्यालयबाट सिफारिस<br>☞ प्राविधिक प्रतिवेदन<br>☞ लेखा परीक्षण प्रतिवेदन<br>☞ संस्थाको प्रगति र आगामी आ.व.को कार्ययोजना | आवश्यक प्रक्रिया पूरा भई निर्णय भए पश्चात | नियम अनुसार | राजस्व शाखा | भुईं तला |
| साना सवारी साधन सञ्चालन अनुमति/नवीकरण | ☞ रितपूर्वक निवेदन<br>☞ नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>☞ सवारी साधन दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>☞ सवारी चालक अनुमति पत्र<br>☞ बीमा गरेको प्रमाण<br>☞ रुट अनुमति पत्र<br>☞ समितिको सिफारिस<br>☞ अन्य आवश्यक कागजात | आवश्यक प्रकिया पुरा भई निर्णय भए पश्चात | ३,०००। | राजस्व शाखा | भुईं तला |
| घरको स्थायी स्वीकृति/घर सम्पन्न | ☞ रितपूर्वक निवेदन<br>☞ घरको रंगिन फोटो<br>☞ डिजाईन गर्ने प्राविधिक र निर्माण गर्ने डकर्मीको प्रतिवेदन<br>☞ जग्गाधनी पुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि<br>☞ सम्पत्तिकर/मालपोत कर तिरेको रसिदको प्रतिलिपि<br>☞ आवश्यक अन्य कागजात | आवश्यक प्रकिया पुरा भई निर्णय भए पश्चात | नियम अनुसार | प्राविधिक शाखा | दोस्रो तला |
| घर अभिलेखिकरण | ☞ रितपूर्वक निवेदन<br>☞ घरको रंगिन फोटो<br>☞ जग्गाधनी पुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि<br>☞ सम्पत्तिकर/मालपोत कर तिरेको रसिदको प्रतिलिपि<br>☞ किता नं. खुलेको नापी नक्सा<br>☞ आवश्यक अन्य कागजात | नियम अनुसार | नियम अनुसार | प्राविधिक शाखा | दोस्रो तला |
| घर नक्सा पास | ☞ तोकिएको (निवेदन फारम भर्ने)<br>☞ जग्गाधनी पुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि<br>☞ चार किल्ला खुलेको नापीको ट्रेस नक्शा<br>☞ सम्पत्तिकर/मालपोत कर तिरेको रसिदको प्रतिलिपि<br>☞ तोके बमोजिम तयार गरेको ३ प्रति नक्शा<br>☞ तल्ला थपको हकमा सम्पन्न इजाजत प्रमाणपत्रको प्रतिलिपि<br>☞ आवश्यक अन्य कागजात | नियम अनुसार | नियम अनुसार | प्राविधिक शाखा | दोस्रो तला |
| योजना सम्झौता | ☞ रितपूर्वक निवेदन<br>☞ उपभोक्ता समिति गठन, योजना सम्झौता लगायत अन्य भएको निर्णय सहितको उपस्थितिको प्रतिलिपि<br>☞ समितिको पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>☞ लगत इष्टिमेट सहित वडाको सिफारिस | रित पूर्वकको कागजात पेश भएमा तुरुन्त | नि:शुल्क | योजना शाखा | प्रथम तला |
| योजनाको भुक्तानी तथा फरफारक | ☞ उपभोक्ता समितिबाट खर्च अनुमोदन, भुक्तानी माग र सार्वजनिक परिक्षण गर्न मिति तोकिएको निर्णयको प्रतिलिपि<br>☞ खर्चहरुको विल भरपाई<br>☞ अनुगमन समितिको प्रतिवेदन<br>☞ कार्यसम्पन्न सहितको प्राविधिकको मूल्याङ्कन<br>☞ वडाको सिफारिस<br>☞ अन्तिम किस्ता भुक्तानीका लागि कार्य सम्पन्न प्रतिवेदन सहितको रितपुर्वक निवेदन<br>☞ उपभोक्ता समेतको उपस्थितिमा सार्वजनिक परीक्षण भएको निर्णय<br>☞ योजना सञ्चालन अघि पछिको फोटोहरु | रितपुर्वकको कागजात पेश भएमा तुरुन्त | नि:शुल्क | योजना शाखा | प्रथम तला |
| योजना खाता सञ्चालन तथा बन्द | ☞ उपभोक्ता समितिको उपस्थिति सहितको निर्णयको प्रतिलिपि<br>☞ दस्तखत गर्ने समितिको पदाधिकारीहरुको नागरिकता प्रतिलिपि<br>☞ वडाको सिफारिस<br>☞ रितपूर्वक निवेदन | रितपुर्वकको कागजात पेश भएमा तुरुन्त | नि:शुल्क | योजना शाखा | प्रथम तला |
| सामाजिक सुरक्षा भत्ता (मृत्यु पश्चात) भुक्तानी | ☞ मृतकको परिचय पत्र र नागरिकता<br>☞ निवेदकको नेपाली नागरिकता प्रतिलिपी<br>☞ मृत्यु दर्ता र नाता प्रमाणित<br>☞ बैङ्क खाता सम्बन्धी विवरण | रितपुर्वकको कागजात पेश भएमा तुरुन्त | नि:शुल्क | पञ्जिकरण शाखा | भुईं तला |
| न्यायिक समिति सेवा | ☞ निर्धारित ढाँचाको उजुरी निवेदन सहित आवश्यक प्रमाणहरु<br>☞ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>☞ आवश्यक अन्य कागजात | आवश्यक कानुनी प्रक्रिया पूरा भइ न्यायिक समितिको निर्णय पश्चात | नियम अनुसार | न्यायिक समिति | दोस्रो तला |
| विविध राहत सहयोग | ☞ नेपाली नागरिकता प्रतिलिपि सहित निवेदन<br>☞ पुस्टयाई हुने आवश्यक कागजात सहित फोटो | रितपुर्वकको कागजात पेश भएमा तुरुन्त | नि:शुल्क | जिन्सी शाखा | भुईं तला |
| विविध सिफारिस/कागजात प्रमाणित | ☞ रितपुर्वक निवेदन सहित नागरिकता प्रतिलिपि<br>☞ सम्बन्धित वडा कार्यालयको सिफारिस तथा प्रमाणपत्र<br>☞ आवश्यकता अनुसार थप आवश्यक कागजात | रितपुर्वकको कागजात पेश भएमा तुरुन्त | नि:शुल्क | कम्प्युटर शाखा | भुईं तला |
| विपन्न नागरिक स्वास्थ्य उपचार सिफारिस | ☞ व्यहोरा खुलेको निवेदन<br>☞ विरामीको नागरिकता/जन्मदर्ताको प्रतिलिपि<br>☞ विपन्नता खुल्ने कागजात (अनुसूची २ फारम)<br>☞ जटिल रोग लागेमा चिकित्सक/अस्पतालद्वारा प्रमाणित कागजात<br>☞ १ प्रति फोटो | सोही दिन | नि:शुल्क | स्वास्थ्य शाखा | दोस्रो तला |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| क.सं. | शाखा/कक्ष | जनप्रतिनिधि/शाखा प्रमुख/जिम्मेवार कर्मचारीको नाम |
|---|---|---|
| १. | नगर प्रमुख | श्री गुमान सिंह अर्याल |
| २. | नगर उप प्रमुख | श्री पद्मा गुरुङ |
| ३. | प्रमुख प्रशासकिय अधिकृत | श्री सुमन अधिकारी |
| ४. | योजना, अनुगमन तथा मूल्याङ्कन शाखा | श्री शम्भु प्रसाद घिमिरे |
| ५. | आर्थिक प्रशासन शाखा | श्री सृजना पाडेल |
| ६. | स्वास्थ्य शाखा (एवं मातहतका स्वास्थ्य संस्था) | श्री मनोज सिंह वोहरा |
| ७. | पुर्वधार विकास शाखा | श्री विशाल ढाकाल |
| ८. | प्रशासन शाखा | श्री दिपेश अधिकारी |
| ९. | कृषि विकास शाखा | श्री ममता अधिकारी |
| १०. | पशुपन्छी तथा मत्स्य विकास शाखा | श्री अन्जली पुलामी मगर |
| ११. | शिक्षा, युवा तथा खेलकुद शाखा | श्री सुन्दर बहादुर खत्री क्षेत्री / सिर्जना पाण्डे चिलुवाल |
| १२. | राजश्व प्रशासन शाखा | श्री सुशिला श्रेष्ठ |
| १३. | नीति तथा कार्यक्रम शाखा | श्री मेघेन्द्र पोखरेल |
| १४. | आन्तरिक लेखा परिक्षण शाखा | श्री हरि बहादुर लोहनी |
| १५. | भूमि शाखा | श्री विदुर न्येउपाने |
| १६. | न्यायिक समितिको सचिवालय | श्री गोविन्द वहादुर राउत |
| १७. | सूचना प्रविधि शाखा | श्री निलम श्रेष्ठ |
| १८. | रोजगार सेवा केन्द्र | श्री इश्वर बहादुर लोहनी |
| १९. | जिन्सी व्यवस्थापन शाखा | श्री मोहन लम्साल |
| २०. | महिला बालबालिका तथा समाज कल्याण शाखा | श्री दुर्गा कुमारी गुरुङ |
| २१. | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | श्री सुनिल घिमिरे |
| २२. | उद्योग, व्यवसाय तथा सहकारी शाखा | श्री रेशम घिमिरे खत्री |
| २३. | मनोसामाजिक परामर्शकर्ता | श्री गिता कुमारी घले |
| २४. | दर्ता/चलानी तथा नागरिक सहायता ईकाई | श्री सरला अधिकारी |
| २५. | लघु उद्यम विकास ईकाई | श्री अन्जु राना |
| २६. | नगर प्रहरी ईकाई | श्री यम बहादुर अधिकारी |
| २७. | आप्रवासी स्रोत केन्द्र | श्री गोमा अर्याल, श्री पूजा भण्डारी जिल्ला प्रशासन कार्यालय, कोठा नं. १५ |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** नागरिक वडापत्रमा उल्लेख भए बमोजिम

**७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

नागरिकले माग गरेको सूचना १५ दिन भित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिकले सूचना अधिकारी बिरुद्ध उजुरी गर्न कार्यलाय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्नेछ । ७ दिन भित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख बिरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

- न्यायिक उजुरी उपर - न्यायिक समिति
- अन्य उजुरी उपर - नियमानुसार एवं प्रमुख प्रशासकीय अधिकृत

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः** प्रमुख प्रशासकीय अधिकृत, श्री सुमन अधिकारी

**९. यस अवधिमा सम्पादन गरेको कामको विवरणः**

- सम्पूर्ण शाखाहरुद्धारा आफ्नो त्रैमासिक लक्ष्य अनुसारको कार्यक्रमहरु सम्पादन भएका ।

## पशुपन्छी तथा मत्स्य विकास शाखाको चौथो त्रैमासिककोख्य क्रियाकलापहरुः

### क) पशुपन्छी स्वास्थ्य सेवा तर्फः

| क्र.स | विवरण | कृषक संख्या | कैफियत |
|---|---|---|---|
| १. | पशुपन्छी उपचार सेवा | ४७४ | |
| २. | खोप सेवा | १३ | |
| ३. | प्रयोगशाला सेवा | २६२ | |
| ४. | कृत्रिम गर्भाधान सेवा | ८६ | |
| ५. | पशु बन्ध्याकरण सेवा | ९ | |
| | जम्मा | ८४४ | |

### ख) वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन तर्फः

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन र उपलब्धी |
|---|---|---|
| १. | पशु स्वास्थ्य शिविर संचालन | पशुपालन व्यवसायलाई प्रवर्द्धन तथा पशुपन्छीहरूमा देखा पर्ने विभिन्न समस्याहरूको निदान, रोकथाम, उपचार र पशुपन्छीपालक कृषकहरुमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८३/०१/२२ गते वडा नं.- ११, बुढिकुवा, मिति २०८३/०१/२६ गते वडा नं.- ०४, चम्डिला, मिति २०८३/०१/२७ गते वडा नं.- ०५, नाल्मा, मिति २०८३/०१/२९ गते वडा नं.- ०२, चिसापानी र मिति २०८३/०१/३० गते वडा नं.- ०१, नयागाउँमा गरि ५ स्थानहरुमा संचालन गरि आन्तरिक तथा बाह्य परजिवि नियन्त्रणको लागि औषधीहरु वितरण, |

| | | |
|---|---|---|
| | | रेविज रोग विरुद्धको खोप कार्य संचालन, पत्यक्ष तथा अप्रत्यक्ष रुपमा पशुपन्छीहरुको उपचार, प्रत्यक्ष रुपमा पशुपन्छीपालक कृषकहरुलाई प्राविधिक परामर्श, विभिन्न प्रकारका समस्याहरुको निदान तथा तिनका उपचार सेवा संचालन, कृषकहरुसँग अन्तरक्रिया तथा समस्या समाधान लगायतका सेवाहरु उपलब्ध गरिएको थियो। जसमा ३२६ जना कृषकहरुको १६१ वटा गाई/गोरु, २०४ वटा भैसी, २३०४ वटा भेडा/बाख्रा, ३२ वटा बंगुर, २८१८ वटा कुखुरा, २३ वटा कुकुर र ६ वटा बिरालो गरि कुल ५५४८ वटा पशुपन्छीहरुमा सेवा उपलब्ध गरिएको थियो। उक्त शिविरबाट प्राविधिक सेवाको पहुँच विस्तार, पशुपन्छीहरुमा रोग निदान, उपचार र रोकथाममा सहयोग पुगेको देखिन्छ। |
| २. | पशुपालन व्यवसाय तथा उत्पादन बृद्धि सम्बन्धी कार्यक्रम | पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई व्यवस्थित, व्यावसायिक तथा उत्पादनमुखी बनाउन सुरक्षित र व्यवस्थित खोर/गोठ तथा पोखरीको आवश्यकता पर्दछ। यस कार्यक्रम अन्तर्गत पशुपन्छी तथा मत्स्यपालक कृषकहरुको खोर/गोठ तथा मत्स्य पोखरी स्थापना तथा मर्मत कार्यबाट स्वास्थ्य सुधार, उत्पादन वृद्धि तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ **खोर/गोठ स्थापना तथा मर्मत कार्यक्रम** अन्तर्गत **गाई/भैसीको गोठ स्थापना तथा मर्मत** कार्यमा १० जना, **भेडा/बाख्राको खोर स्थापना तथा मर्मत** कार्यमा १५ जना, **बंगुरको खोर स्थापना तथा मर्मत** कार्यमा ७ जना, **कुखुराको खोर स्थापना तथा मर्मत** कार्यमा ४ जना, **गाई/भैसीको मोडेल फर्म स्थापना** कार्यमा १ जना, **घुम्ती गोठमा अस्थायी संरचना निर्माण तथा व्यवस्थापन** कार्यमा ५ जना र **मत्स्य पोखरी मर्मत** कार्यमा ५ जना गरि कुल ४७ जना कृषकहरुलाई अनुदान उपलब्ध गराइएको।<br>**भैसी विकास कार्यक्रम** अन्तर्गत बेसीशहर नगरपालिका वडा नं.- ०६ मा छनौट भई संचालनमा रहेको **चण्डिस्थान एकीकृत कृषि तथा पशुपालन समूह** भित्रका ९ जना लाभग्राहीहरुलाई भैसीको गोठ निर्माण कार्यमा र १२ जना कृषकहरुलाई भैसी खरिद कार्यमा अनुदान उपलब्ध गराइएको।<br>**सामुदायिक होमस्टे लक्षित कुखुरा विकास कार्यक्रम** अन्तर्गत २ वटा सामुदायिक होमस्टेलाई कुखुराको खोर निर्माणको लागि अनुदान रकम उपलब्ध गराइएको। उक्त कार्यक्रमबाट लाभग्राही कृषकहरुले प्रत्यक्ष लाभ प्राप्त गरेका छन। व्यवस्थित खोर/गोठ तथा मत्स्य पोखरी निर्माण तथा मर्मतले कार्यले पशु स्वास्थ्य, उत्पादन वृद्धि तथा कृषकहरुको आर्थिक अवस्थामा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। |
| ३. | आ.व २०८२/०८३ मा बाख्राको नया पकेट विकास कार्यक्रम संचालन | **बाख्राको पकेट विकास कार्यक्रम** अन्तर्गत बेसीशहर नगरपालिका वडा नं.- १० मा संचालन भएको **पाइग्रेक्यु बाख्रा पकेट समूह** भित्रका ३ जना कृषकहरुलाई बाख्राको नया खोर निर्माण कार्यमा अनुदान र बाख्राको नश्ल सुधार तथा संख्या विस्तार गर्ने उदेश्यले १९ जना कृषकहरुलाई ६ वटा बाख्राको दरले कुल ११४ वटा माउ बाख्रा वितरण गरिएको थियो। उक्त समूह भित्रका २५ जना कृषकहरुलाई १ दिने बाख्रापालन सम्वन्धी तालिम संचालन तथा उपचार सेवा संचालनको लागि आवश्यक औषधी वितरण गरिएको। |

| | | |
|---|---|---|
| | | माउ बाख्रा वितरण कार्यले कृषकहरूको आय स्तरमा वृद्धि तथा पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। साथै बाख्रापालन विस्तार हुनुको साथै बाख्राहरुको संख्यामा समेत बृद्दि हुने अपेक्षा गरिएको छ। |

<u>बाख्रापालक कृषकहरुलाई उन्नत नश्लका ब्याड बोका वितरण कार्यक्रम</u>

बेसीशहर नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको आ.व २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आवेदन पेश गरि छनौट भएका १० जना बाख्रापालक कृषकहरुलाई १० वटा उन्नत नश्लका ब्याड बोका मिति २०८२/१२/३० गते वितरण कार्य सम्पन्न गरियो





## तस्विरहरुः

### पशु स्वास्थ्य शिविर संचालन तर्फः









जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## बाख्रा पकेट विकास कार्यक्रम तर्फः

### खोर निर्माण कार्य तर्फः






### बाख्रा वितरण कार्यः






**पशुपालन व्यवसाय तथा उत्पालन बृद्धि सम्वन्धी कार्यक्रम तर्फ अनुदान उपलब्ध गराइएका खोर/गोठ तथा पोखरीहरुको तस्वीरहरु:**








स्वास्थ्य शाखा तर्फका:

## पूर्णखोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम ।

**"स्थानिय श्रोतको उपयोग,स्वामित्व र सहभागिता, पुर्णखोप सुनिश्चितता – हाम्रो प्रतिबद्धता "**




बेसीशहर नगरपालिकाले राष्ट्रिय खोप कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै पूर्णखोप सुनिश्चितता तथा दिगोपनालाई प्राथमिकतामा राखेको छ। यस कार्यक्रमअन्तर्गत नगरपालिका भित्रका सबै लक्षित बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार सबै वडा भित्र माघ,फागुन र चैत महिना घरघुरी सर्वेक्षण गरी ० देखि १५ महिना सम्माका ४३७ जना र १६ देखि ५९ महिना सम्माका जम्मा ९९९ जना बालबालिकाहरुमा स्वास्थ्यकर्मीहरबाट आवश्यक खोप प्राप्त गरेको सुनिश्चित गरिएको थियो भने नगरपालिकाले सबै प्रक्रियाहरु पुरा गरी पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषण कार्यक्रम मिति २०८३ जेष्ठ महिनाको ११ गते सम्पन्न गरीइएको थियो । खोप बालबालिकालाई विभिन्न प्राणघातक तथा अपाङ्गता गराउने रोगबाट सुरक्षित राख्ने सबैभन्दा प्रभावकारी,सुरक्षित र जनस्वास्थ्य सेवा भएकाले नगरपालिकाले यसलाई उच्च प्राथमिकतामा राखेको छ।






पूर्णखोप सुनिश्चितता कार्यक्रमअन्तर्गत नगरपालिकाभित्र जन्मिएका,बसोबास गरेका तथा बसाइँसराइ गरी आएका सबै लक्षित बालबालिकाको नियमित रूपमा अभिलेखीकरण,अनुगमन र खोप अवस्थाको समीक्षा गरि राष्ट्रिय खोप तालिका अनुसार प्रत्येक

बालबालिकाले उमेर अनुसार प्राप्त गर्नुपर्ने सबै खोप समयमै लगाएको सुनिश्चित गर्न नगर खोप सम्वनय समिति, स्वास्थ्य संस्था, वडा खोप सम्वनय समिति, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, विद्यालय, आमा समूह तथा समुदायबीच प्रभावकारी समन्वय र सहकार्य गरिएको छ । खोप छुटेका वा कुनै कारणले नियमित खोप सेवा लिन नपाएका बालबालिकाको खोजी गरी उनीहरूलाई आवश्यक खोप उपलब्ध गराउने व्यवस्था समेत गरिएको थियो ।

नगरपालिकाले पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा नगर खोप सम्वनय समिति, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मीहरु, वडा खोप सम्वनय समिति, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, विद्यालयहरु, यसका लागि प्रत्येक वर्ष नवजात तथा नयाँ बसाइँसराइ गरी आएका बालबालिकाको विवरण अद्यावधिक गर्ने, नियमित रूपमा खोपको अवस्था समीक्षा गर्ने, छुटेका बालबालिकाको खोजी गर्ने तथा सबै बालबालिकालाई नियमित खोप सेवाको पहुँचमा ल्याउने कार्यलाई संस्थागत रूपमा निरन्तरता दिइएको छ। यस प्रक्रियाले पूर्णखोप सुनिश्चितताको अवस्था दीर्घकालसम्म कायम राख्न र भविष्यमा पनि कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित नहुने वातावरण निर्माण गर्न प्रतिबद्धता समेत गरेको छ ।

## नसर्ने रोगहरु

### मानसिक स्वास्थ्य प्रवर्धन कार्यक्रम





मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी अन्तरक्रिया कार्यक्रम "मानसिक स्वास्थ्य समस्याबारे खुला संवाद गरौं, कलंक हटाऔं र आवश्यक परेमा विशेषज्ञको सहयोग लिन प्रोत्साहन गरौं । हाम्रो सानो चासो र साथले कसैको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्छ।" भन्ने सन्देशका साथ बेसीशहर नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा संघीय सशर्त अनुदानअन्तर्गत मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।
कार्यक्रम मिति २०८३ जेठ २ गते र १२ गते बेसीशहर नगरपालिका वडा नं. ६ र १० मा सञ्चालन गरिएको थियो, जसमा जम्मा ७७ जनाको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा मनोसामाजिक परामर्शकर्ता श्री गीता घलेज्यूले सहजीकरण गर्नुभएको थियो ।

### मनोसामाजिक परामर्श कार्यक्रम

**बेसीशहर नगरपालिकाको मानसिक तथा मनोसामजिक स्वास्थ्य प्रवर्द्धनमा उल्लेखनीय पहल: व्यक्तिगत परामर्श देखि विद्यालय र समुदायसम्म प्रभावकारी अभियान**

बेसीशहर नगरपालिकाले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यलाई स्थानीय स्वास्थ्य सेवाको महत्वपूर्ण प्राथमिकताका रूपमा अघि बढाउँदै व्यक्तिगत परामर्श, विद्यालयस्तरीय समूह परामर्श तथा समुदायस्तरीय मानसिक स्वास्थ्य प्रवर्द्धन एवं आत्महत्या न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरेको छ ।

**व्यक्तिगत मनोसामाजिक परामर्शबाट जीवनमा सकारात्मक परिवर्तन**

हालसम्म ११ जना पुरुष र १६ जना महिला गरी कुल २७ जना सेवाग्राहीले व्यक्तिगत परामर्श सेवा प्राप्त गरेका छन् । तीमध्ये ७ जना आत्महत्याको उच्च जोखिममा रहेका थिए । समयमै गरिएको जोखिम मूल्याङ्कन, सुरक्षा योजना निर्माण, निरन्तर मनोसामाजिक परामर्श, परिवारलाई मनोशिक्षा तथा आवश्यक समन्वयका कारण उनीहरूको अवस्था सुधारतर्फ उन्मुख भएको छ । हाल १४ जना सेवाग्राही दैनिक जीवनमा सहज रूपमा फर्किसकेका छन् भने बाँकी सेवाग्राहीहरू नियमित सेवामा रहेका छन् । थप उपचार आवश्यक देखिएका ३ जना सेवाग्राहीलाई विशेषज्ञ मानसिक स्वास्थ्य सेवामा प्रेषण (Referral) गरिएको छ । परिवारका सदस्यहरूलाई प्रदान गरिएको मनोशिक्षाले सेवाग्राहीप्रति सकारात्मक व्यवहार र सहयोगी वातावरण निर्माणमा समेत योगदान पुऱ्याएको छ ।



**विद्यालयमा समूह परामर्श**

जेठ ११ देखि १३ गतेसम्म बेसीशहर नगरपालिकाभित्रका विभिन्न माध्यमिक विद्यालयहरूमा समूह परामर्श कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा ६४ जना छात्र र ९३ जना छात्रा गरी कुल १५७ जना विद्यार्थी सहभागी भएका थिए । उनीहरूलाई भावना व्यवस्थापन, तनाव व्यवस्थापन, आत्मविश्वास अभिवृद्धि, सकारात्मक सोच तथा सहयोग खोज्ने व्यवहारबारे सहजीकरण गरिएको थियो ।

"मानसिक स्वास्थ्य समस्या कमजोरी होइन, समयमै सहयोग आवश्यक पर्ने अवस्था हो। सही समयमा गरिएको मनोसामाजिक परामर्श, परिवारको साथ र समुदायको सहयोगले व्यक्तिलाई पुनः सामान्य तथा आत्मनिर्भर जीवनतर्फ फर्किन महत्वपूर्ण भूमिका खेल्छ ।"




विश्व उच्च रक्तचाप दिवस २०२६

विश्व उच्च रक्तचाप दिवस २०२६ (मे १७) को अवसरमा “उच्च रक्तचापलाई समयमै नियन्त्रण गरौं, नियमित रूपमा रक्तचाप जाँचौं,

मौन घातकलाई पराजित गरौं" भन्ने नाराका साथ बेसीशहर नगरपालिका—१० स्थित खासुर गाउँमा स्वास्थ्य शाखाको आयोजनामा सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको थियो।



कार्यक्रममा समुदायका नागरिकहरूको सक्रिय सहभागिता रहेको थियो। सो अवसरमा उच्च रक्तचाप सम्बन्धी जानकारी, यसको जोखिम न्यूनीकरणका उपायहरू तथा नियमित रक्तचाप परीक्षणको महत्वबारे छलफल गरिएको थियो।

दिवसको अवसरमा ४३ जनाको रक्तचाप परीक्षण गरिएकोमा ८ जनामा उच्च रक्तचाप देखिएको थियो भने बाँकी सबैको रक्तचाप सामान्य रहेको थियो ।

## महामारी रोग नियान्त्रण कार्यक्रम ।

सफा वातावरण, स्वस्थ जीवन ' डेङ्गुमुक्त समाज निर्माणमा सबैको सहभागिता आवश्यक छ।"

बेसीशहर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा डेङ्गु सम्बन्धी अभिमुखीकरण २०८३ साल असार महिनामा वडा नं १,२,३,४,५,७, ८ र ११ को सम्पुर्ण टोल सुधार संयोजक सुरक्षाकर्मीहरु र आमा समुहका अध्यक्षहरुको उपस्थितिमा "खोज र नष्ट" गर्ने कार्ययोजना तयार गरी मिति २०८३ साल असार १२ गतेका दिन टोलटोलमा स्वास्थ्यकर्मी,आमा समुह र टोल सुधार समितिको उपस्थितिमा घर, आँगन तथा वरपर ,ग्यारेज,हार्डवेर र पानी जम्ने खाल्डुल्डीहरुमा लामखुट्टेको बासस्थान खोज नष्ट कार्य गरियो ।

पानी जम्न नदिऔं, हप्तामा एक पटक "खोज र नष्ट" अभियान सञ्चालन गरौं र डेङ्गुबाट आफू, आफ्नो परिवार तथा समुदायलाई सुरक्षित राखौं ।

डेङ्गु नियन्त्रण हाम्रो साझा जिम्मेवारी🦟







## पोषण कार्यक्रम

पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बहुक्षेत्रीय पोषण अन्तर्गत वडा स्तरीय पोषण सम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रम



बेसीशहर नगरपालिकामा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले नगरपालिमका अन्तर्गत वडा स्तरीय पोषण सम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा समुदायमा पोषणसम्बन्धी ज्ञान, सकारात्मक व्यवहार तथा पोषणसम्बन्धी सेवाको पहुँच अभिवृद्धि गर्ने विषयमा जानकारी प्रदान गरिएको थियो । सरकारको तेस्रो बहुक्षेत्रीय पोषण योजना (MSNP III, २०२३—२०३०) तथा पोषणमैत्री स्थानीय शासन (Nutrition Friendly Local Governance – NFLG) अवधारणाअनुसार स्थानीय तहमा पोषण सुधारका सूचकहरू पूरा गर्दै पोषणमैत्री वातावरण निर्माण गर्ने उद्देश्यले बेसीशहर नगरपालिका अन्तर्गत विभिन्न वडा तथा स्वास्थ्य संस्थाहरूको समन्वयमा पोषणमैत्री स्थानीय शासन घोषणा प्रक्रिया अघि बढाइएको हो ।



पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत वडा स्तरीय पोषण सम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रमले समुदाय स्तरमा पोषण सम्बन्धी ज्ञान, चेतना र व्यवहार परिवर्तनमा महत्वपूर्ण योगदान पुर्‍याएको छ । यस कार्यक्रममार्फत स्वास्थ्य, शिक्षा, कृषि, सरसफाइ लगायतका बहुक्षेत्रीय निकायबीच समन्वय सुदृढ भई पोषण सुधारका प्रयासलाई प्रभावकारी बनाउन सहयोग पुगेको छ । सहभागीहरूमा पोषणयुक्त आहार, मातृ तथा शिशु पोषण, सरसफाइ तथा स्वस्थ जीवनशैली सम्बन्धी स्पष्ट बुझाइ विकास भएको देखिएको छ। साथै, स्थानीय तहमा पोषणमैत्री योजना तथा गतिविधि कार्यान्वयनलाई थप प्रभावकारी बनाउने आधार तयार भएको छ।

## सुरक्षित मातृत्व कार्यक्रम

### १)न्यानो झोला हस्तान्तरण






संघीय सशर्त अनुदानतर्फको मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत बेसीशहर नगरपालिकाद्वारा प्रदेश अस्पताल लमजुङलाई मिति २०८३।०३।२५ गते रु. ५,६१,००० बराबरका ६३० वटा न्यानो झोला हस्तान्तरण गरिएको छ। प्रत्येक न्यानो झोलामा २ थान टोपी, २ थान पेटे भोटो, २ थान दौरा, १ थान आमाका लागि गाउन तथा १/१ थान Urine Mat र Baby Wrapper समावेश गरिएको छ। यस कार्यक्रममार्फत सुत्केरी आमा तथा नवजात शिशुलाई आवश्यक आधारभूत सामग्री उपलब्ध गराई सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिइएको छ।

### २) उत्तर प्रसूती घरभेट कार्यक्रम

उत्तर प्रसूती घरभेट कार्यक्रम अन्तर्गत दक्ष नर्सिङ कर्मचारीहरूले ४८ जना सुत्केरी महिलाहरूको घरमै गई स्वास्थ्य जाँच तथा परामर्श सेवा सफलतापूर्वक प्रदान गरेका छन्। यस कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मीहरूले आमा र नवजात शिशुको शारीरिक अवस्थाको विस्तृत परीक्षण गर्नुका साथै सुत्केरी अवस्थामा देखिन सक्ने खतराका चिन्हहरूको पहिचान र पूर्व-मूल्यांकन गरेका थिए। यसका साथै, सुत्केरी महिलाहरूलाई पूर्ण स्तनपानको महत्त्व, उचित पोषणयुक्त खानपान, व्यक्तिगत सरसफाइ, शिशुको नियमित खोप तालिका र आवश्यक आइरन तथा क्याल्सियम चक्कीको प्रयोगबारे महत्त्वपूर्ण स्वास्थ्य सचेतना समेत प्रदान गरिएको छ।

### ३)'प्रसुती स्याहार घरभेट कार्यक्रम'(PNC HOME VISIT) को समीक्षा तथा योजना गोष्ठी







**'प्रसूती स्याहार घरभेट कार्यक्रम' को समीक्षा तथा योजना गोष्ठी बेसीशहरमा सम्पन्न**

**बेसीशहर, लमजुङ ।**

बेसीशहर नगरपालिका स्वास्थ्य शाखाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार

प्रसूती स्याहार घरभेट कार्यक्रम' को समीक्षा तथा योजना गोष्ठी आज मिति २०८३ साल जेठ १५ गते सफलतापूर्वक सम्पन्न भएको छ। नगर उपप्रमुख **श्री पद्म गुरुङ ज्यू**को प्रमुख आतिथ्यता तथा प्रमुख प्रशासकीय अधिकृत **श्री सुमन अधिकारी ज्यू** र स्वास्थ्य शाखा प्रमुख **श्री मनोज सिंह बोहरा ज्यू**को विशेष उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो।

उक्त गोष्ठीमा नगरपालिका अन्तर्गतका सबै **१२ वटा स्वास्थ्य संस्थाका प्रमुखहरू** तथा कार्यरत **सम्पूर्ण नर्सिङ कर्मचारीहरू**को उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रममा प्रसूती स्याहार घरभेट कार्यक्रमको विगतको प्रगति र चुनौतीहरूको विस्तृत समीक्षा गरिनुका साथै आगामी दिनमा आमा र नवजात शिशुको स्वास्थ्य सेवालाई थप प्रभावकारी, गुणस्तरीय र भरपर्दो बनाउने भावी योजनाहरूका बारेमा गहन छलफल गरी महत्वपूर्ण निर्णयहरू गरिएका छन्।

**<u>दीर्घकालीन सेवा प्रवाह गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मानजनक बिदाइ</u>**





बेसीशहर नगरपालिका क्षेत्रभित्र लामो समयदेखि अहोरात्र खटिएर स्वास्थ्य क्षेत्रमा अभूतपूर्व योगदान पुर्‍याउनुभएका तीन जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई एक विशेष कार्यक्रमका बीच सम्मानपूर्वक बिदाइ गरिएको छ। मिति २०८३ साल असार ९ गते नगरपालिकाको कार्यालयमा आयोजित विशेष कार्यक्रममा नगर प्रमुख र नगर उप-प्रमुखले संयुक्त रूपमा उहाँहरूलाई दोसल्ला ओढाई, कदरपत्र र जनही नगद रु. ३०,०००।- (तीस हजार) सहित सम्मान गर्नुभएको हो। समुदायको स्वास्थ्य प्रवर्द्धन, मातृ तथा शिशु स्वास्थ्य सेवामा सुधार, नियमित खोप कार्यक्रमको सफल सञ्चालन र जनस्वास्थ्य चेतना अभिवृद्धिमा उहाँहरूले पुर्‍याउनुभएको अतुलनीय योगदानको कदर गर्दै नगरपालिकाले यो सम्मान प्रदान गरेको हो।

**सम्मानित हुनुहुने स्वयंसेविकाहरू:**

- **श्री लक्ष्मी देवी गुरुङ** – चण्डीस्थान स्वास्थ्य चौकी
- **श्री कौशिला अर्याल** – शहरी स्वास्थ्य केन्द्र, धुरपुरे
- **श्री भगवती रावत** – बाझाँखेत स्वास्थ्य चौकी

## किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणिकरणका लागि अभिमुखीकरण कार्यक्रम




बेसीशहर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा मिति २०८३/०३/०५ गते वडा नं. १० बाझाखेत स्वास्थ्य चौकी तथा मिति २०८३/०३/१५ गते वडा नं. १ उदिपुर स्वास्थ्य चौकीमा स्वास्थ्य संस्था व्यवस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, विद्यालयका शिक्षक-शिक्षिका, महिला स्वास्थ्य स्वयंसेविका तथा किशोरकिशोरीहरूको सहभागितामा किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणिकरणका लागि अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो।

## समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन )CB-IMNCI) स्थलगत अनुशिक्षण कार्यक्रम






बेसीशहर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा नगरभित्रका विभिन्न स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (CB-IMNCI) सम्बन्धी दुई दिने स्थलगत अनुशिक्षण (On-site Coaching) कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। गत वैशाख महिनादेखि जेठ महिनासम्मको अवधिमा प्रत्येक तोकिएका स्वास्थ्य संस्थामा दुई/दुई दिन सञ्चालन गरिएको यस कार्यक्रमको मुख्य उद्देश्य स्थानीय स्तरमा बाल स्वास्थ्य सेवाको गुणस्तर सुदृढ गर्नु रहेको छ।

यस दुई दिने सघन अनुशिक्षण कार्यक्रमले स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको प्राविधिक ज्ञान र व्यावहारिक सीप बढाउन विशेष योगदान पुऱ्याएको छ। यसबाट नवजात शिशु तथा बालबालिकाहरूमा देखिने सम्भावित स्वास्थ्य समस्या एवं रोगहरूको समयमै सही पहिचान, उपचार, प्रेषण (Referral) र समग्र व्यवस्थापन

गर्दै स्वास्थ्यकर्मीहरू थप सक्षम भएका छन्। परिणामस्वरुप, स्थानीय नागरिकहरूले आफ्नै गाउँ-ठाउँका स्वास्थ्य संस्थाहरूबाट अझ बढी प्रभावकारी, गुणस्तरीय र भरपर्दो सेवा प्राप्त गर्ने विश्वास लिइएको छ।

**दुई दिने अनुशिक्षण सञ्चालन भएका ७ वटा स्वास्थ्य संस्थाहरूः**

- उदिपुर स्वास्थ्य चौकी
- भकुण्डे शहरी स्वास्थ्य केन्द्र
- पुरानोकोट स्वास्थ्य चौकी
- नाल्मा स्वास्थ्य चौकी
- चण्डिस्थान स्वास्थ्य चौकी
- धुरपुरे शहरी स्वास्थ्य केन्द्र
- चितिथला स्वास्थ्य चौकी

## क्षमता अभिवृद्धि कार्यक्रम

### कार्यालय सहयोगी कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम





बेसीसहर नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूको अग्रपंक्तिमा रहेर सेवा पुऱ्याउने कार्यालय सहयोगी कर्मचारीहरूको कार्यक्षमता, व्यावहारिक कुशलता, र संस्थागत व्यवस्थापन सम्बन्धी सीप विकास गर्ने उद्देश्यले मिति २०८३।०२।३१ गते एक दिवसीय क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालयको तालिमहलमा नगर उपप्रमुख श्री पद्म गुरुङ ज्यूको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी ज्यूको विशेष आतिथ्यता, र स्वास्थ्य शाखा प्रमुख श्री मनोज सिंह बोहरा ज्यूको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा बेसीसहर नगरपालिका र पालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा कार्यरत २० जना कार्यालय सहयोगी कर्मचारीहरूको सहभागिता रहेको थियो। स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय, र नागरिकमैत्री बनाउन यो कार्यक्रम फलदायी रहेको नगरपालिकाले जनाएको छ।

## "महिनावारीमैत्री समाजका लागि सहकार्य": दुई विद्यालयमा हाजिरीजवाफ प्रतियोगितासहित महिनावारी स्वच्छता दिवस मनाइयो





- बेसीशहर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा **"महिनावारीमैत्री समाजका लागि सहकार्य"** भन्ने मूल नाराका साथ मिति २०८३/०२/१३ मा यस वर्षको महिनावारी स्वच्छता दिवस भव्य रूपमा मनाइएको छ। किशोर-किशोरीहरूमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित यस दिवसका अवसरमा नगरपालिकाका दुई वटा विद्यालयमा विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको छ।

"सचेतना नै परिवर्तनको पहिलो पाइला हो" भन्ने मान्यतालाई आत्मसाथ गर्दै आयोजना गरिएको यस प्रतियोगितामा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो। विद्यालय अनुसारको प्रतियोगिता र नतिजा विवरण निम्न बमोजिम रहेको छः

**क) श्री जनकल्याण माध्यमिक विद्यालय (बेसीशहर- १)** - यस विद्यालयमा सञ्चालित प्रतियोगितामा कक्षा ८,९ र १० का कुल ६५ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो। विद्यार्थीगत रूपमा भएको प्रतिस्पर्धाको नतिजा यस प्रकार छः

- **प्रथमः** सक्षम खवास, सुजिता गुरुङ, भिवान गुरुङ
- **द्वितीयः** अपेक्षा अधिकारी, प्रमीश पन्त, सिम्रन वि.क.
- **तृतीयः** दिवश दवाडी, रोशनी मिजार, राज कोईराला

**ख) श्री गङ्गामिलन माध्यमिक विद्यालय (बेसीशहर -६)** - यस विद्यालयमा कुल ६२ जना विद्यार्थीहरूको सहभागितामा समूहगत रूपमा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको थियो। समूहगत प्रतिस्पर्धाको अन्तिम नतिजा यस प्रकार छः

- **प्रथम (समूह 'ग')**: सुदिक्षा अधिकारी, अन्जल रिमाल, आर्यन वि.क.
- **द्वितीय (समूह 'ङ')**: सोनिया रिमाल, आशिका बस्नेत, संगम परियार
- **तृतीय (समूह 'घ')**: एलिस रिमाल, रबिना मजाकोटी, सुरज खत्री

### औषधी उपचार खर्च

शंघिया शर्शत अनुदान तर्फ मृगौला प्रत्यरोपण गरेका,डायलाइसिस गराईरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरमीहरुलाई औषधी उपचार खर्च वपत मासिक रु ५ हजारका दरले जम्मा ९५ जना विरामीहरु यस चौथो त्रैमासिकमा रु १३,९०,००० (तेह्र लाख नब्बे हजार ) रुपैया उपलब्ध गराईएको छ ।

## शिक्षा, युवा तथा खेलकुद शाखाको तर्फः

"प्रविधिसँगै गुणस्तरीय शिक्षा, सिकाइमा नवीनता र प्रभावकारिता।" विषयमा प्रविधिमैत्री शिक्षण सिकाइ र अनुगमन कार्यक्रम कार्यान्वयन भएका विद्यालयका प्रधानाध्यापक र Midas e class का प्रतिनिधिबीच मिति २०८३ जेठ २० गते भएको अन्तरक्रिया, छलफल एवम् प्रस्तुतीकरण कार्यक्रमका केही प्रतिनिधिमूलक तस्वीरहरू











मिति २०८३/०१/१५ शैक्षिक सत्र २०८२ मा बेसीशहर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा र सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू बीच भएको कार्यसम्पादन करारको समीक्षा, चालु शैक्षिक सत्रमा विद्यालय सुधारको कार्ययोजना प्रस्तुतीकरण एवम् कार्यसम्पादन करार सम्झौता र प्रविधिमैत्री शिक्षण सिकाइ र अनुगमन कार्यक्रम अन्तर्गतको ल्यापटप हस्तान्तरण कार्यक्रमका झलकहरू













## अभिभावक शिक्षा कार्यक्रम

बालबालिकाको सिकाइमा अभिभावकको साथ, सफलताको बलियो हात भन्ने नाराका साथ बेसीशहर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा श्री जनविकास मा वि चण्डीडाँडा र श्री यशोब्रम्ह मा वि बाहुनबेसीमा सम्पन्न भएको "अभिभावक शिक्षा कार्यक्रमका झलकहरू
















बालबालिकाको समग्र विकास, सकारात्मक अभिभावकत्व, घर—विद्यालय सहकार्य, बालबालिकाको सिकाइ उपलब्धि सुधार तथा सुरक्षित र गुणस्तरीय शिक्षा लगायतका विषयमा शिक्षा युवा तथा खेलकुद शाखाद्वारा जनविकास मा वि बेसीशहरमा अभिभावक शिक्षा कार्यक्रम सम्पन्न भयाे ।









जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## नवप्रवेशी शिक्षकहरूलाई शिक्षक मेन्टरिङ कार्यक्रम

बेसीशहर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा नगरभित्रका विभिन्न सामुदायिक विद्यालयमा पदस्थापन हुनुभएका नवप्रवेशी शिक्षकहरूका लागि सञ्चालित शिक्षक मेन्टरिङ कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।

कार्यक्रमको समापन अवसरमा सहभागी नवप्रवेशी शिक्षकहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो। कार्यक्रममा अनुभवी मेन्टर शिक्षकहरूको मार्गदर्शन, व्यावहारिक अनुभव आदान—प्रदान, प्रभावकारी शिक्षण—सिकाइ प्रक्रिया, कक्षा व्यवस्थापन, व्यावसायिक आचरण तथा विद्यालयमा शिक्षकको भूमिका सम्बन्धी विविध विषयमा छलफल तथा सिकाइ आदान—प्रदान गरिएको थियो।

यस कार्यक्रमले नवप्रवेशी शिक्षकहरूलाई विद्यालयमा आत्मविश्वासका साथ कार्यसम्पादन गर्न, गुणस्तरीय शिक्षण—सिकाइलाई थप प्रभावकारी बनाउन तथा निरन्तर व्यावसायिक विकासमा प्रेरित गर्ने विश्वास लिइएको छ।



## अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम

बेसीशहर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा सञ्चालित अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी सरोकारवालाहरूका लागि अभिमुखीकरण कार्यक्रमका केही झलकहरू।

नेपालको संविधान तथा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले प्रत्येक बालबालिकाको आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था गरेको छ। यसै कानुनी व्यवस्था तथा स्थानीय तहको जिम्मेवारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले सरोकारवाला निकायहरूबीच अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको हो।

कार्यक्रममा अनिवार्य तथा निःशुल्क शिक्षाको अवधारणा, बालबालिकाको विद्यालयमा पहुँच, भर्ना, नियमित उपस्थिति, सिकाइको निरन्तरता तथा सबै बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने वातावरण निर्माणमा स्थानीय तह, विद्यालय, अभिभावक तथा समुदायको भूमिका र जिम्मेवारीबारे अन्तरक्रियात्मक छलफल गरिएको थियो।

सबै बालबालिकाको शिक्षा सुनिश्चित गरौं, समतामूलक, गुणस्तरीय र समावेशी समाज निर्माणमा हातेमालो गरौं।









"निशुल्क तथा अनिवार्य शिक्षा प्रत्येक बालबालिकाको मौलिक अधिकार हो, यसको सुनिश्चितता हाम्रो साझा दायित्व हो।"

सबैले आ आफ्नो तह र तप्काबाट सक्दो सहयोग गरौं ।



**कृषि विकास शाखा तर्फः**

## “उत्पादन हातमा, अनुदान साथमा”: बेसीशहरका १३ कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण

बेसीशहर नगरपालिकाले **“उत्पादन हातमा, अनुदान साथमा”** भन्ने मुख्य ध्येयका साथ सञ्चालन गरेको उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम चालू आर्थिक वर्ष २०८२/८३ का लागि सफलतापूर्वक सम्पन्न भएको छ। बाली कटानी विधिबाट प्राप्त वास्तविक उत्पादन क्षमतालाई मुख्य आधार बनाई यस वर्ष नगरभित्रका कुल १३ जना कृषकहरूलाई करिब दुई लाख रुपैयाँ बराबरको प्रोत्साहन रकम ससम्मान प्रदान गरिएको छ।

नगरपालिका कृषि विकास शाखाका अनुसार प्रोत्साहन पाउनेहरूमा बाली उत्पादनतर्फ ६ जना र मह उत्पादनतर्फ ७ जना कृषकहरू रहेका छन्। कार्यक्रम अन्तर्गत बाली उत्पादन विधा तथा समग्र रूपमै सबैभन्दा बढी प्रोत्साहन अनुदान रकम वडा नं. ११ का सिताराम विश्वकर्माले प्राप्त गर्नुभएको छ। उहाँले कुल ७८ हजार १२९ रुपैयाँ प्रोत्साहन रकम प्राप्त गर्नुभएको हो। त्यसैगरी, मह उत्पादनतर्फ सबैभन्दा बढी प्रोत्साहन अनुदान रकम वडा नं. ४ का पवन गुरुङले प्राप्त गर्नुभएको छ। उहाँलाई ५१ हजार ७८७ रुपैयाँ प्रोत्साहन रकम हस्तान्तरण गरिएको छ।

कृषकहरूले उत्पादन गरेका विविध कृषि तथा पशुपन्छीजन्य वस्तुको वास्तविक उत्पादन परिमाणमा आधारित रहेर सिधै आर्थिक सहायता उपलब्ध गराउँदा यसले कृषकहरूलाई कृषि पेशातर्फ थप आकर्षित र अभिप्रेरित गरेको नगरपालिकाले जनाएको छ। यस कार्यक्रमको फलस्वरूप स्थानीय स्तरमा कृषि र पशुपन्छीजन्य वस्तुको उत्पादन र उत्पादकत्व बढ्ने, स्थानीय मागको आपूर्ति सुनिश्चित हुने तथा स्थानीय कृषि उत्पादन प्रवर्द्धन एवं बजार विकासमा उल्लेखनीय टेवा पुग्ने विश्वास लिइएको छ।







## बाली उपचार शिविरबाट बेसीशहरका १४४ कृषक लाभान्वितः जैविक प्रविधि र वातावरणमैत्री खेतीमा जोड

बेसीशहर, लमजुङ

बेसीशहर नगरपालिका कृषि विकास शाखाको आयोजनामा विभिन्न वडाहरूमा सञ्चालित एक दिने निःशुल्क घुम्ती बाली उपचार शिविर कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। यही गत जेठ २९ गतेदेखि असार १ गतेसम्म सञ्चालन भएको यस शिविर नगरका चारवटा स्थानहरू क्रमशः वडा नं. १ नयाँगाउँ, वडा नं. ११ बरबोट, वडा नं. २ गैरी र वडा नं. १० बेसीभाचोकमा सञ्चालन गरिएको थियो।

"सही पहिचान, सही ज्ञान एवम् समुचित समाधान, समुपयुक्त व्यवस्थापन" भन्ने मूल मर्मका साथ सञ्चालित यस शिविरबाट कुल १४४ कृषक घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। शिविरमा कृषकहरूले आफ्ना बालीनालीमा लागेका रोग तथा कीराहरूको स्थलगत परीक्षण गराई तत्कालै तिनको उचित व्यवस्थापन गर्ने उपायहरू सिकेका थिए। यसबाट बालीनालीमा हुने क्षति कम भई उत्पादन वृद्धि गर्न कृषकहरूलाई ठूलो सहायता पुग्ने कृषि विकास शाखाले जनाएको छ।

पर्यावरणीय अनुकूलता, वातावरणीय स्वास्थ्य तथा भूमिको उर्वरशिलता र उत्पादकत्वलाई दीर्घकालीन रूपमा बचाइराख्न शिविरमा वातावरणमैत्री कृषि प्रविधिलाई विशेष जोड दिइएको थियो। कृषकहरूलाई रासायनिक विषादीको विकल्पमा *Bacillus Thuringiensis Kurstaki*, *Pseudomonas fluorescens*, *Trichoderma spp.*, र *Spinosad* जस्ता जैविक विषादीका साथै निममा आधारित वानस्पतिक विषादीहरू प्रयोग गर्न सिकाइएको थियो। साथै, कीरा नियन्त्रणका लागि आधुनिक प्रविधि अन्तर्गत हेलिल्यूर, क्यूल्यूर, TLM ल्यूर र स्पोडोल्यूर जस्ता फेरोमेन पासोहरूको वितरण तथा तिनको प्रयोगबारे विस्तृत जानकारी प्रदान गरियो। यस अभियानले नगरभित्र स्वस्थ बाली उत्पादन र दिगो कृषिको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।






### "स्वस्थ माटो, स्वस्थ बेसीशहर": ५० प्रतिशत अनुदानमा २५ कृषकलाई ३,८२५ केजी कृषि चुन वितरण

बेसीशहर नगरपालिका कृषि विकास शाखाले "स्वस्थ माटो, स्वस्थ बेसीशहर" भन्ने ध्येयका साथ नगरका कृषकहरूलाई ५० प्रतिशत अनुदानमा कृषि चुन वितरण गरेको छ। गत २०८२ साल फागुन १०, ११ र १२ गते सञ्चालन गरिएको बृहत् माटो परीक्षण शिविरको नतिजाका आधारमा यो सहयोग उपलब्ध गराइएको हो। शिविरमा परीक्षण गरिएका २८ वटा माटोको नमूनाको रिपोर्ट अनुसार माटोमा रहेको अम्लीयपन सुधार गर्न २५ जना कृषकहरूलाई जम्मा ३,८२५ केजी कृषि चुन वितरण गरिएको छ।

कृषि चुनको प्रयोगले माटोको स्वास्थ्य र उत्पादकत्वमा बहुआयामिक सुधार ल्याउने कृषि विकास शाखाले जनाएको छ। यसको प्रयोगबाट अम्लीय माटोको सुधार हुनुका साथै बालीका लागि आवश्यक पौष्टिक तत्वहरूको उपलब्धता बढ्नेछ। यसका साथै माटोमा रहेका विषालु तत्वहरूको क्षयीकरण हुने, लाभदायक सूक्ष्म जीवहरूको क्रियाशीलता बढ्ने र माटोमा कार्बनको मात्रा वृद्धि भई भौतिक, रासायनिक एवं जैविक गुणमा उल्लेख्य सुधार आउनेछ। माटोको उचित संरक्षण, सम्बर्द्धन र व्यवस्थापनमा टेवा पुर्‍याउने यस कार्यक्रमले भूमिको उर्वरशीलतालाई दीर्घकालीन रूपमा बचाई बालीको उत्पादन र उत्पादकत्व बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास नगरपालिकाले लिएको छ।

### धानको उन्नत बीउ वितरणबाट ६०० कृषक लाभान्वितः २५० मेट्रिक टन उत्पादन हुने बेसीशहर नगरपालिकाको अनुमान

बेसीशहर नगरपालिका कृषि विकास शाखाले बाली विकास कार्यक्रम अन्तर्गत नगरका कृषकहरूलाई ५० प्रतिशत अनुदानमा धानको उन्नत बीउ वितरण गरेको छ। स्थानीय स्तरमा खाद्यान्न उत्पादन बढाउने लक्ष्यका साथ चालू आर्थिक वर्षमा नगरभित्रका करिब ६०० जना कृषकहरूलाई कुल ६ हजार १ सय २० केजी धानको उन्नत बीउ वितरण गरिएको हो।

उन्नत बीउको प्रयोगबाट नगरभित्र करिब २ हजार ४० रोपनी क्षेत्रफलमा धान खेती विस्तार हुने कृषि विकास शाखाले जनाएको छ। यस कार्यक्रमबाट यस वर्ष करिब २५० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ। ५० प्रतिशत अनुदानमा प्राप्त उन्नत बीउले कृषकहरूको उत्पादन लागत घटाउनुका साथै धानको उत्पादकत्व बढाउन ठूलो मद्दत पुग्ने विश्वास लिइएको छ।

नगरपालिकाले सञ्चालन गरेको यस अभियानबाट खाद्यान्न बालीको क्षेत्र विस्तार हुनुका साथै स्थानीय स्तरमै खाद्यान्न आपूर्ति सुनिश्चित हुन गई खाद्य सुरक्षामा उल्लेखनीय रूपमा सघाउ पुग्ने देखिएको छ। उन्नत बीउको प्रयोग र क्षेत्र विस्तारले नगरलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन थप टेवा पुग्ने नगरपालिकाले जनाएको छ।



अक



**बेसीशहर, लमजुङ**

बेसीशहर नगरपालिका कृषि विकास शाखाको आयोजनामा नगरभित्र बजारमुखी व्यावसायिक तरकारी उत्पादन प्रवर्द्धन कार्यक्रम सफलतापूर्वक अगाडि बढेको छ। बजारको माग र उपभोक्ताको आवश्यकतालाई केन्द्रित गर्दै चालू आर्थिक वर्षमा नगरका ८ वटा व्यावसायिक कृषि फर्म तथा कृषि उद्यमीहरूलाई यस कार्यक्रममा आबद्ध गराई व्यावसायिक खेती तर्फ प्रोत्साहन गरिएको हो।

कार्यक्रम अन्तर्गत नगरका विभिन्न उपयुक्त क्षेत्रहरूमा अकबरे खुर्सानी, काँक्रा र आलु खेतीको क्षेत्रफल विस्तार गरिएको छ। बजारको माग अनुसार योजनाबद्ध रूपमा उत्पादन केन्द्रित गरिएकाले उत्पादित कृषि उपजले उचित बजार पाउने र यसबाट कृषकहरूले उच्च आर्थिक लाभ लिने कृषि विकास शाखाले जनाएको छ। स्थानीय स्तरमै व्यावसायिक तरकारी उत्पादन बढेपछि उपभोक्ताको मागलाई केही हदसम्म स्थानीय उत्पादनले नै परिपूर्ति गर्ने र बाह्य आयात कम गर्न मद्दत पुग्ने विश्वास नगरपालिकाले लिएको छ।











## मर्स्याङ्दी किनारको बलौटे बगरमा खरबुजा खेतीः खेर गइरहेको जमिन बन्यो आम्दानीको स्रोत

**बेसीशहर, लमजुङ**

बेसीशहर नगरपालिकाले स्थानीय प्राकृतिक स्रोतको सदुपयोग गर्दै बाँझो जमिनलाई उत्पादनसँग जोड्ने नीति अनुरूप 'बगर खेती विस्तार कार्यक्रम' सञ्चालन गरेको छ। यस कार्यक्रम अन्तर्गत विगतमा खेर गइरहेको मर्स्याङ्दी नदी किनारको बलौटे जमिनको सदुपयोग गरी २.५ रोपनी क्षेत्रफलमा व्यावसायिक खरबुजा खेती विस्तार गरिएको छ।

मर्स्याङ्दी किनारको बलौटे माटोमा फलेका गुणस्तरीय तथा ताजा खरबुजाहरू यतिबेला उत्पादन भई स्थानीय बजारमा आपूर्ति हुन थालेका छन्। बगर क्षेत्रलाई उत्पादनशील भूमिमा बदल्दै सुरु गरिएको यस खरबुजा खेतीले स्थानीय उपभोक्तालाई ताजा फलफूल उपलब्ध गराउनुका साथै कृषकहरूका लागि वैकल्पिक आम्दानीको नयाँ र आकर्षक स्रोत सृजना गरेको कृषि विकास शाखाले जनाएको छ।








## व्यावसायिक मौरीपालन प्रवर्द्धनमा बेसीशहर नगरपालिकाः घार,सामग्री वितरण र क्षमता विकास तालिम सम्पन्न

बेसीशहर नगरपालिका कृषि विकास शाखाको 'व्यावसायिक मौरी प्रवर्द्धन कार्यक्रम' अन्तर्गत नगरभित्रका मौरीपालक कृषकहरूलाई घार, आवश्यक सामग्री वितरण तथा क्षमता विकास तालिम प्रदान गरिएको छ। नगरमा मौरीपालनलाई व्यावसायिक बनाई कृषकहरूको आयआर्जन सुधार गर्ने लक्ष्यका साथ चालू आर्थिक वर्षमा यी कार्यक्रमहरू सञ्चालन गरिएका हुन्।

कार्यक्रम अन्तर्गत नगरपालिकाले २ जना व्यावसायिक कृषकलाई ५० वटा गोलासहितको मौरी घार उपलब्ध गराएको छ। यसका साथै अन्य १७ जना मौरीपालक कृषकहरूलाई मौरीपालनका लागि आवश्यक पर्ने विभिन्न आधुनिक सामग्रीहरू वितरण गरिएको छ। वितरित सामग्रीहरूमा ६० केजी आधार चाका, १४८ वटा फिडर, ४ वटा मह मदानी, ८ वटा मह छान्ने जाली, १ वटा मौरी छोप्ने झोला, १० वटा घुम्ती, १२१ वटा स्टयान्ड, ६६ वटा मह राख्ने बाल्टिन, ४५० वटा मह राख्ने बट्टा, ६ वटा धुँवादानो, २९ वटा रानु ढोका र १२ जोर पञ्जा रहेका छन्। यो सहयोगले नगरमा व्यावसायिक मौरीपालनको आधुनिक र व्यवस्थित विस्तारमा थप टेवा पुगेको कृषि विकास शाखाले जनाएको छ।

यसैगरी, मौरीपालनमा आबद्ध कृषकहरूको प्राविधिक क्षमता चुस्त बनाउन ३ वटा मौरीपालन समूहका कुल ८४ जना कृषकहरूलाई २ दिने मौरीपालन सम्बन्धी आधारभूत तालिम समेत प्रदान गरिएको छ। तालिममा सहभागी कृषकहरूलाई कार्यस्थलमा आवश्यक पर्ने सुरक्षाका लागि घुम्ती र पञ्जा समेत वितरण गरिएको थियो। यस तालिमले कृषकहरूलाई आधुनिक मौरीपालनका लागि जान्नैपर्ने आधारभूत ज्ञान, सीप र क्षमता विकास गर्न प्रभावकारी भूमिका खेलेको र आगामी दिनमा महको उत्पादन तथा उत्पादकत्व बढाउन मद्दत पुग्ने विश्वास नगरपालिकाले लिएको छ।









तस्विर मौरीपालन सम्बन्धी आधारभूत तालिम सञ्चालन










## कृषि यान्त्रिकरणमा बेसीशहर नगरपालिकाः २२१ कृषकलाई ५० प्रतिशत अनुदानमा आधुनिक औजार वितरण

बेसीशहर नगरपालिका कृषि विकास शाखाको 'कृषि यान्त्रिकरण तथा कृषि औजार प्रवर्द्धन कार्यक्रम' अन्तर्गत नगरका २२१ जना कृषकहरूलाई ५० प्रतिशत अनुदानमा आधुनिक कृषि औजार तथा सामग्री वितरण गरिएको छ। कृषकहरूको मागमा आधारित साना कृषि औजार वितरण कार्यक्रम अन्तर्गत २४ वटा कृषिजन्य सामग्री विधामा यो सहयोग उपलब्ध गराइएको हो।

नगरपालिकाले दिएको जानकारी अनुसार यस कार्यक्रम अन्तर्गत कृषकहरूलाई १२४ वटा मिनी टिलर (हलो), ४ वटा मल्टी क्रप थ्रेसर, ३६ वटा सिल्पोलिन प्लाष्टिक, १९ वटा मल्चिङ प्लाष्टिक र १४ वटा स्प्रेयर लगायत मागमा आधारित अन्य साना कृषि औजार उपकरणहरू(ग्रास कटर, डिजिटल तराजु आदि) समेत वितरण गरिएको छ। प्राप्त सामग्रीको सहयोगबाट नगरभित्र ३६ वटा नयाँ टनेल घरहरू समेत निर्माण भएका छन्, जसले गर्दा बेमौसमी तरकारी खेती प्रवर्द्धनमा प्रत्यक्ष टेवा पुगेको छ।

परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण गर्ने लक्ष्यका साथ सञ्चालित यस कार्यक्रमले स्थानीय स्तरमा कृषि यान्त्रिकरणको मागलाई ठूलो हदसम्म सम्बोधन गरेको कृषि विकास शाखाले जनाएको छ। आधुनिक औजारहरूको प्रयोगले कृषकहरूको उत्पादन लागत कटौती हुनुका साथै खेतीपाती गर्दा लाग्ने समय र श्रमको समेत बचत भई कृषि कार्य थप प्रभावकारी र व्यावसायिक बन्न पुगेको छ।










तस्विरः सुन्तलाजात तथा कफीको बिरुवा वितरण





## दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम

मिति २०८२ बैशाख १७ गते, आ.व. २०८२/०८३ को दोस्रो चौमासिकमा भएका विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहका विषयमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम सफलतासाथ सम्पन्न ,

सहभागी भई आफ्ना महत्वपूर्ण सुझाव, प्रतिक्रिया तथा सहकार्यका लागि सम्पूर्ण नगरबासीप्रति हार्दिक धन्यवाद।











## निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम

बेसीशहर नगरपालिका पशुपंन्छी तथा मत्स्य विकास शाखाको चालु आ.व.२०८२/०८३ को बार्षिक स्वीकृत शिविर संचालन कार्यक्रम अन्तर्गत १ दिने निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम मिति २०८३ वैशाख २२ गते बेसीशहर नगरपालिका वडा नं.११ का वडा अध्यक्ष श्री शिव प्रसाद जोशीको अध्यक्षतामा बुढीकुवामा संचालन गरियो। जसमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा शाखामा कार्यरत प्राविधिक टोलीहरुबाट ७७ जना पशु पालक कृषकको बाख्रा ४०२, भैसी ६८, गाई/गोरु १३, बगुर ५, कुखुरा ४८५ र कुकुर ५ वटा गरी जम्मा ९७८ वटा पशुपंन्छीहरुलाई औषधी उपचार तथा परामर्श सेवा प्रदान गरियो ।










जननी जन्मभूमिश्च स्वर्गादपि गरी

बेसीशहर नगरपालिकाद्वारा “Krishi Connect” मोबाइल एप सञ्चालनमा ल्याइएको छ। यस एपमार्फत कृषि सम्बन्धी जानकारी, बजार, मौसम अपडेट, बाली व्यवस्थापन तथा विशेषज्ञसँग परामर्श सेवा सजिलै प्राप्त गर्न सकिनेछ।

सम्पूर्ण कृषक महानुभावहरूलाई एप डाउनलोड गरी उपयोग गर्न अनुरोध गरिन्छ। (YO PANI MILAYERA HALDINU KUNAI PAGE MA, SIDE MA INFORMATION KI AD JASTO)



## नगरस्तरीय बाल भेला कार्यक्रम

मिति २०८३/०१/२७ गते आयोजित आ.व. २०८२/०८३ को नगरस्तरीय बाल भेला कार्यक्रमको केहि झलक ।












## मौरीपालन सम्बन्धी प्राविधिक सीप बिकास तालिम

मिति २०८३/०१/२४ देखी २०८३/०१/३० सम्म बेसीशहर नगरपालिका वडा नं. ३ मा आयोजित गरिबि निवारणका लागि लघुउद्यम बिकास कार्यक्रम(MEDPA) अन्तर्गत मौरीपालन सम्बन्धी प्राविधिक सीप बिकास तालिम सफलापूर्वक सम्पन्न भएको छ । उक्त तालिम पश्चात सहभागि १२ जना लघुउद्यमीहरुलाई व्यवसाय सुरु गर्नका लागि आवश्यक गोला सहितको मौरीघार र अन्य सामाग्रीहरु हस्तान्तरण गरिएको छ ।–











## ४५ दिने हलुका सवारीचालक(Driving) सम्बन्धी सीप बिकास तालिम

मिति २०८२/१२/२३ देखी २०८३/०२/०६ सम्म बेसीशहर नगरपालिकाद्वारा आयोजित युवा सीप बिकास कार्यक्रम अन्तर्गत युवाहरुलाइ लक्षित गरि ४५ दिने हलुका सवारीचालक(Driving) सम्बन्धी सीप बिकास तालिम सम्पन्न भएको छ। उक्त तालिममा ४७ जना युवाहरुले सक्रिय सहभागिता जनाएका थिए भने तालिमको क्रममा ५ जना सहभागिले सवारी चालक अनुमति पत्र समेत प्राप्त गरेका छन् । तालिमलाई व्यवस्थित एवं प्रभावकारी रूपमा सञ्चालन गर्न Lamjung Kalika Driving Institute तथा Motherland Driving Training Center ले सहजीकरण गरेका थिए।










७ दिने उद्यमशीलता विकास तालिम

बेसीशहर नगरपालिका, रोजगार सेवा केन्द्रको आयोजनामा आन्तरिक रोजगार प्रवर्द्धन गर्ने उद्देश्यले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई ७ दिने निःशुल्क उद्यमशीलता विकास तालिम मिति २०८३/०२/०८ देखि १४ गतेसम्म लमजुङ उद्योग वाणिज्य संघको सभाहलमा सञ्चालन गरियो ।






## स्टेशनरी तथा शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रम

बेसीशहर नगरपालिकाको आयोजनामा गणतन्त्र दिवस २०८३ को अवसरमा मिति २०८३/०२/१४ गते बेसीशहर नगरपालिका वडा नं. २ स्थित आदर्श महिला तथा बालबालिका केन्द्रमा आश्रित बालबालिकालाई स्टेशनरी तथा शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा नगर उपप्रमुख पद्म गुरुङ, प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद खनाल, बेसीशहर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन अधिकारी, प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेत, सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म लमजुङका सशस्त्र प्रहरी नायव उपरीक्षक विकास अधिकारी, बेसीशहर नगरपालिकाका कार्यक्रम अधिकृत मेघेन्द्र पोखेल, स्वास्थ्य शाखा प्रमुख मनोज सिंह बोहरा, महिला तथा बालबालिका शाखा प्रमुख दुर्गा गुरुङ, कम्प्युटर अपरेटर रेशम घिमिरे तथा केन्द्रका सचिव हुमार गुरुङ लगायतको सहभागिता रहेको थियो।

हाल उक्त केन्द्रमा ९ जना बालबालिका आश्रित रूपमा बसोबास गर्दै आएका छन्।

बेसीशहर नगरपालिकाले आदर्श महिला तथा बालबालिका केन्द्रमा समय–समयमा विभिन्न सहयोगमूलक तथा सामाजिक कार्यक्रम सञ्चालन गर्दै आइरहेको जनाएको छ।






## बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोह—२०८३ सम्पन्न

बेसीशहर नगरपालिका वडा नं. ३ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको अवसरमा आयोजित "बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोह—२०८३" सफलतापूर्वक सम्पन्न भएको छ।

बालबालिकाको अधिकार, सुरक्षा, सहभागिता, विकास तथा संरक्षण सुनिश्चित गर्दै बालमैत्री वातावरण निर्माण गर्ने उद्देश्यका साथ आयोजित यस कार्यक्रममा जनप्रतिनिधि, विभिन्न संघ—संस्था, सरोकारवाला निकाय, अभिभावक, बालबालिका तथा स्थानीय नागरिकहरूको उत्साहजनक सहभागिता रहेको थियो।

यस महत्वपूर्ण उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, साझेदार संस्था, समुदाय तथा नागरिकप्रति हार्दिक आभार व्यक्त गर्दछौं। आगामी दिनमा पनि बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी अझ जिम्मेवार र बालमैत्री समाज निर्माणमा सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्दछौं।











**दुई दिने सहकारिता तथा सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सञ्चालन सम्बन्धी तालिम**

मिति २०८३ जेठ १८ र १९ गते बेसीशहर नगरपालिकाको नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाका सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरूका लागि आयोजित दुई दिने सहकारिता तथा सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सञ्चालन सम्बन्धी तालिम सम्पन्न भएको छ।

तालिममा सहभागीहरूलाई सहकारीका आधारभूत सिद्धान्त तथा COPOMIS प्रणालीको प्रयोग सम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिएको थियो। तालिममा प्रमुख प्रशासकीय अधिकृत सुमन अधिकारी, कम्प्युटर अपरेटर रेशम घिमिरे तथा नेफ्स्कून लमजुङका सन्देश घिमिरेले सहजीकरण गर्नुभएको थियो।

तालिमले सहकारी संस्थाहरूको अभिलेख व्यवस्थापन, तथ्याङ्क अद्यावधिक तथा सूचना प्रणालीको प्रभावकारी प्रयोगमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।












## माटो परीक्षण शिविर

"स्वस्थ माटो, स्वस्थ बेसीशहर" भन्ने ध्ययका साथ बेसीशहर नगरपालिका कृषि विकास शाखाद्वारा बृहत रूपमा माटो परीक्षण शिविर मिति २०८२ साल फागुन १०, ११ र १२ गतेका दिन सञ्चालन गरिएको थियो। सोही नतिजाको आधारमा ती २८ वटा माटोको नमूनाहरूको लागि जम्मा ३८२५ के.जि. कृषि चुन ५० प्रतिशत अनुदानमा २५ जना कृषकलाई उपलब्ध गराइएको छ। ।कृषि चूनको प्रयोगले अम्लिय माटोको सुधार, पौष्टिक तत्वहरूको उपलब्धतामा बढावा, विषालु तत्वहरूको क्षययीकरण, सूक्ष्म जीवहरूको क्रियाशीलता वृद्धि सँगै माटोमा कार्बनको उपलब्धता बढाई माटोको भौतिक, रासायनिक एवम् जैविक गुणमा उल्लेख्य मात्रामा सुधार आउनेछ। जसमार्फत माटोको उचित संरक्षण, सम्बर्द्धन र व्यवस्थापनमा उल्लेख्यरुपमा टेवा पुगी भूमीको उत्पादनशीलता र उर्वरशीलता दीगो रूपमा बच्न गई बालीको उत्पादन र उत्पादकत्व वृद्धि हुनेछ।









## मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी अन्तरक्रिया कार्यक्रम

"मानसिक स्वास्थ्य समस्याबारे खुला संवाद गरौं, कलंक हटाऔं र आवश्यक परेमा विशेषज्ञको सहयोग लिन प्रोत्साहन गरौं। हाम्रो सानो चासो र साथले कसैको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्छ।" भन्ने सन्देशका साथ बेसीशहर नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा संघीय सशर्त अनुदानअन्तर्गत मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रम मिति २०८३ जेठ २ गते र १२ गते बेसीशहर नगरपालिका वडा नं. ६ र १० मा सञ्चालन गरिएको थियो, जसमा जम्मा ७७ जनाको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा मनोसामाजिक परामर्शकर्ता श्री गीता घलेज्यूले सहजीकरण गर्नुभएको थियो।





## कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम

बेसीशहर नगरपालिकाको आ.व. २०८२/८३ को वार्षिक नगर विकास योजना अनुरुप यही मिति २०८३।०२।३१ गते बेसीशहर नगरपालिका र पालिकाका सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यालय सहयोगी कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम सफलतापूर्वक सम्पन्न भएको छ। नगर उपप्रमुख श्री पद्म गुरुङ ज्यूको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी ज्यूको विशेष अतिथि र स्वास्थ्य शाखा प्रमुख श्री मनोज सिंह बोहरा ज्यूको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो।














## सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम

मिति २०८३/०३/०२ गते बेसीशहर नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री पद्मा गुरुङज्यूको अध्यक्षतामा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा वडा अध्यक्षहरू, न्यायिक समितिका पदाधिकारीहरू तथा मेलमिलापकर्ताहरूको सहभागिता रहेको थियो। सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी नीतिगत व्यवस्था र स्थानीय तहको भूमिकाबारे बेसीशहर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारीज्यू, सामी कार्यक्रमका प्रदेश व्यवस्थापक श्री उमा शर्माज्यू तथा कार्यक्रम अधिकृत श्री शिव रेग्मी ज्यूले प्रस्तुतीकरण गर्नुभएको थियो।










**नगरपालिकास्तरीय अगुवा उपभोक्ता अभिमुखीकरण कार्यक्रम**

बेसीशहर नगरपालिकाको प्रवर्द्धन तथा राष्ट्रिय उपभोक्ता मञ्च लमजुङ शाखाको आयोजनामा बेसीशहरमा 'नगरपालिकास्तरीय अगुवा उपभोक्ता अभिमुखीकरण कार्यक्रम÷ सम्पन्न भएको छ।

राष्ट्रिय उपभोक्ता मञ्च लमजुङका जिल्ला अध्यक्ष नवराज पहाडीको अध्यक्षतामा आयोजित कार्यक्रममा बेसीशहर नगरपालिकाकी कार्यवाहक प्रमुख पद्मा गुरुङको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुमन अधिकारी, लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष भरतकुमार श्रेष्ठ लगायत नगरपालिकाका ११ वटै वडाबाट ६४ जना उपभोक्ताको सहभागिता रहेको थियो।

कार्यक्रमको उद्घाटन गर्दै कार्यवाहक प्रमुख पद्मा गुरुङले बजारमा उपभोक्ताहरू बिउबिजन, म्याद गुज्रिएका सामग्री तथा अस्वस्थकर खाद्यवस्तुबाट ठगिने गरेको उल्लेख गर्दै बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

त्यसैगरी, प्रमुख प्रशासकीय अधिकृत सुमन अधिकारीले बजारमा सुशासन कायम गर्न उपभोक्ता स्वयं सचेत हुनुपर्ने बताउँदै सामग्री खरिद गर्दा म्याद (Expiry Date) र एमआरपी (MRP) हेरेर मात्र किन्ने बानी बसाल्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, दमौलीका प्रमुख ज्योति आचार्यले खाद्य पदार्थमा हुने मिसावट तथा हानिकारक रसायन (केमिकल) को प्रयोगबारे जानकारी गराउँदै सचेतना अभिवृद्धि गर्नुभएको थियो।

उपभोक्ताको अधिकार संरक्षण, सुरक्षित उपभोग तथा बजार सुशासन प्रवर्द्धनमा यस्ता कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ।









## "एक दिने निःशुल्क घुम्ति बाली उपचार शिविर सञ्चालन कार्यक्रम"

बेसीशहर नगरपालिका कृषि विकास शाखाद्वारा आयोजित "एक दिने निःशुल्क घुम्ति बाली उपचार शिविर सञ्चालन कार्यक्रम" यसै नगरपालिकाको क्रमशः वडा नं.०१-नयाँगाऊँ, वडा नं.११-बरबोट, वडा नं.२-गैरी र वडा नं.१०-बेसीभाचोकमा यही मिति २०८३ जेष्ठ २९ गतेदेखि २०८३ असार ०१ गतेसम्म सञ्चालन भई कार्यक्रम सुसम्पन्न भएको छ । यस शिविर कार्यक्रम अवधिभरमा जम्मा १४४ कृषकहरु घरधुरी “सही पहिचान, सही ज्ञान एवम् समुचित समाधान, समुपयुक्त व्यवस्थापन” भित्र समावेश भई प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्, जसमार्फत कृषक स्वयम् तत्काल समूचित व्यवस्थापन पक्षमा सरिक भई बालीनालीमा हुने क्षति कम गरी उत्पादन वृद्धि गर्न सहायता पुगेको छ । पर्यावरणीय अनुकूलता, वातावरणीय स्वस्थ्य तथा भूमीको उर्वरशिलता र उत्पादनशिलतालाई दीगोरुपमा बचाईराख्न Bacillus Thuringiensis Kurstaki, Pseudomonas fluorescens, Trichoderma spp. Spinosad जस्ता जैविक विषादी, निममा आधारित वानस्पतिक विषादी, हेलि ल्यूर, क्यू ल्यूर, TLM ल्यूर, स्पोडो ल्यूर जस्ता फेरोमेन पासोहरूको वितरण लगायतका अन्य विभिन्न वातावरणमैत्री कृषि प्रविधिको बारेमा कृषकलाई जानकारी गराइएको छ। जसले कृषकलाई स्वस्थ बाली उत्पादनमा सघाऊ पूर्याउनेछ।








## पञ्चेबाजा प्रशिक्षण कार्यक्रम

बेसीशहर नगरपालिका-२, भकुण्डेमा दलित समुदायको आर्थिक सशक्तीकरणका लागि आयोजित एक साताको 'पञ्चेबाजा प्रशिक्षण' कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। नगरपालिकाको सहयोगमा सञ्चालित यस तालिममा स्थानीय परियार र विश्वकर्मा समुदायका वाद्यवादकहरूको सहभागिता रहेको थियो। तालिमले परम्परागत वाद्यवादन सीपलाई थप व्यावसायिक र परिष्कृत बनाउन मद्दत गरेको छ।

यस कार्यक्रमको मुख्य उद्देश्य हाम्रो मौलिक सांस्कृतिक पहिचान बोकेको पञ्चेबाजाको संरक्षण तथा प्रवर्द्धन गर्नुका साथै स्थानीय कलाकारहरूलाई आत्मनिर्भर बनाउनु हो। तालिमपछि सहभागीहरूले आफ्नो कला प्रदर्शन गर्दै खुसी व्यक्त गरेका छन्। यस किसिमको रचनात्मक प्रयासले एकातिर लोप हुन लागेको मौलिक संस्कृतिको संरक्षण हुनेछ भने अर्कोतिर स्थानीय समुदायको सीप विकासमार्फत आयआर्जनको नयाँ बाटो पनि खुल्ने विश्वास लिइएको छ।

यदि तपाईं कुनै पनि शुभकार्य वा कार्यक्रमका लागि भकुण्डे पञ्चेबाजा समूहको सेवा लिन चाहनुहुन्छ भने, जनजागृति दलित एकता समाज, पञ्चेबाजा समूह, बेसीशहर नगरपालिका वडा नं २, भकुण्डे, लमजुङका संयोजक रन बहादुर विकलाई सम्पर्क गर्न सक्नुहुनेछ।

सम्पर्क नं. : ९८४६२७७८४३








उत्कृष्टताको सम्मान,गुणस्तरीय शिक्षाको अभियान,

प्रतिभाको कदर शिक्षाको थप उन्नति र समृद्धिको आधार भन्ने मूल अभिप्रायका साथ बेसीशहर नगरपालिकाले मिति २०८३ असार ४ गते शैक्षिक सत्र २०८१ मा आधारभूत तहस्तरीय परीक्षा (कक्षा ८), माध्यमिक शिक्षा परीक्षा (एस ई ई ) र माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) मा नगरस्तरमा सामुदायिक तथा संस्थागत विद्यालयबाट उत्कृष्ट जि पि ए हासिल गरेका छात्र छात्रा र विषयगत शिक्षकहरू गरी ४२ लाई सम्मान गरेको छ।










"महिला सशक्तिकरण र आत्मनिर्भरताका तर्फ थप एक कदम!"

बेसीशहर नगरपालिकाको आयोजना तथा ग्रामिण समुदायिक विकास केन्द्र (RCDC) नेपालको साझेदारीमा "महिलासँग उप-मेयर कार्यक्रम" अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मोडेलमा आधारित ८ दिने फाईवर झोला र सजिलो कपडा झोला उत्पादन सीप विकास तालिम" मिति २०८३ असार ४ गतेदेखि सञ्चालन भएको हो।

उक्त तालिम बेसीशहर नगरपालिका वडा नं. ३, भकुण्डे कोलबाटोमा असार ११ गतेसम्म सञ्चालन भएको हो, जसमा १० जना स्थानीय महिला दिदीबहिनीहरूको उत्साहजनक सहभागिता रहेको थियो।

यस तालिमले सहभागीहरूमा व्यावसायिक सीपको विकास गरी उनीहरूलाई आर्थिक रूपमा स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत पुऱ्याउने विश्वास लिएको छ।











## ३ महिने आधारभूत सिलाई कटाई सिप विकास तालिम

बेसीशहर नगरपालिकाको आयोजनामा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) तथा महिलासँग उपमेयर कार्यक्रम अन्तर्गत बेसीसहर नगरपालिका वडा नं. २ र ३ का १० जना सहभागीहरूको सहभागितामा ३ महिने आधारभूत सिलाई कटाई सिप विकास तालिम सञ्चालन गरिएको थियो।

"उद्यमशीलताको आवश्यकता, लघु उद्यममा हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ सञ्चालन गरिएको उक्त तालिम मिति २०८२ साल चैत्र ९ गतेदेखि २०८३ साल असार ६ गतेसम्म सञ्चालन भएको थियो।

तालिममा सहभागीहरूलाई सिलाई कटाई सम्बन्धी आधारभूत तथा व्यावहारिक ज्ञान तथा सीप प्रदान गरिएको थियो। उक्त तालिमको प्रशिक्षकको भूमिका यमकुमारी श्रेष्ठ ले निर्वाह गर्नुभएको थियो।

तालिमबाट सहभागीहरूमा स्वरोजगार तथा उद्यमशीलता विकासका लागि आवश्यक सीप अभिवृद्धि हुने विश्वास लिइएको छ। साथै, यस कार्यक्रमले महिलाहरूको आर्थिक सशक्तीकरण तथा आयआर्जनका अवसर विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।







## मेट्रिक ठेगाना प्रणाली लागू

"व्यवस्थित ठेगाना, प्रभावकारी सेवा प्रवाह र सुरक्षित नगर" भन्ने मूल नाराका साथ बेसीशहर नगरपालिकाले नगर क्षेत्रभित्र मेट्रिक एड्रेसिङ प्रणाली कार्यान्वयनको पहिलो चरणअन्तर्गत वडा नं. ७ र ८ मा रहेका घरहरूको पहिचान, अभिलेखीकरण तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले घर नम्बरिङ कार्य सम्पन्न गरेको छ।

उक्त कार्यक्रमको मिति २०८३/०३/०८ गते नगर प्रमुखज्यूबाट उद्घाटन भई नगरवासीका घरघरमा पुगेर घर नम्बरिङ प्लेट टाँस गर्ने कार्य सुरु गरिएको छ।

यस प्रणालीले प्रत्येक घरलाई व्यवस्थित र एकीकृत ठेगाना प्रदान गरी सार्वजनिक सेवा प्रवाह, आपतकालीन उद्धार सेवा, कर प्रशासन तथा नगर व्यवस्थापनलाई थप सहज, छिटो र प्रभावकारी बनाउन सहयोग पुऱ्याउनेछ।

नगरपालिकाबाट खटिई आउनुभएका कर्मचारीहरूलाई आवश्यक सहयोग तथा समन्वय गरी प्रदान गरिएको घर नम्बर स्पष्ट रूपमा देखिने स्थानमा टाँस गर्न सम्पूर्ण घरधनी महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौं।





## बेसीशहर नगरपालिका वडा नं. ५ बालमैत्री वडा घोषणा

बेसीशहर नगरपालिका वडा नं. ५ लाई मिति २०८३ असार ६ गते शनिबार बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गरिएको छ।

वडास्थित अन्नपूर्ण माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित घोषणा समारोहमा प्रमुख अतिथि तथा बेसीशहर नगरपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यू ले वडालाई बालमैत्री वडा घोषणा भएको प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

बालबालिकाको अधिकार, संरक्षण, सहभागिता, विकास तथा जीवित रहने अधिकार सुनिश्चित गर्न निर्धारित बालमैत्री स्थानीय शासनका चरणगत प्रक्रिया तथा ५१ वटा सूचकहरू सफलतापूर्वक पूरा गरेपछि वडा नं. ५ लाई बालमैत्री वडा घोषणा गरिएको हो।

यस उपलब्धिले बाल अधिकारको प्रवर्द्धन, बाल संरक्षण तथा बालमैत्री वातावरण निर्माणलाई थप सुदृढ बनाउँदै समावेशी विकासको आधार तयार गरेको छ।


